# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३३, अङ्क १०

**२०८१ भदौ १६-३१**

पूर्णाङ्क ७७२





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्स: ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्प्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | २ | इजलास नं. १० | ४ |
| संयुक्त इजलास | ६ | इजलास नं. ११ | ३ |
| इजलास नं. १ | ५ | इजलास नं. १२ | ८ |
| इजलास नं. ४ | ६ | इजलास नं. | |
| इजलास नं. ५ | २५ | इजलास नं. | |
| **जम्मा** | **४४** | **जम्मा** | **१५** |

**कूल जम्मा ४४ + १५ = ५९**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ। यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, भदौ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | बन्दी प्रत्यक्षीकरण | सुजन अधिकारी वि. उच्च अदालत पाटनसमेत | १ |
| २. | नाता कायम | भिमप्रसाद तिमिल्सेना वि. भूमिसराकुमारी वि.क. | १ |
| **संयुक्त इजलास** | | | **२ - ७** |
| ३. | कर्तव्य ज्यान | योगेन्द्र लिम्बुको जाहेरीले नेपाल सरकार वि. कन्चन लिम्बु | २ |
| ४. | लेनदेन | बेचन यादव वि. रामलखन मण्डल | ३ |
| ५. | मोही नामसारी कायम | रामचन्द्र थापा क्षेत्रीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | ३ |
| ६. | सवारी ज्यान | नेपाल सरकार वि. नसिप गुरूङ | ५ |
| ७. | बन्दी प्रत्यक्षीकरण | शिवराम खड्का वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | ५ |
| ८. | उत्प्रेषण | निकुञ्ज अग्रवाल वि. नेपाल सरकार, आन्तरिक राजस्व विभाग, ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत | ६ |
| **इजलास नं. १** | | | **८ - ११** |
| ९. | सवारी ज्यान | नेपाल सरकार वि. राजेश कुमाल | ८ |
| १०. | लागुऔषध कोरेक्स | नेपाल सरकार वि. फारूक अन्सारी | ८ |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. जटिया भन्ने सिन्दु राजवंशी | ९ |
| १२. | बन्दी प्रत्यक्षीकरण | कपिलराज राउत वि. श्री वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत | १० |
| १३. | मानव बेचबिखन तथा ओसारपसार | चैते भन्ने बुद्धिबहादुर तामाङ वि. परिवर्तित नाम ३३ को जाहेरीले नेपाल सरकार | ११ |
| **इजलास नं. ४** | | | **११ – १५** |
| १४. | उत्प्रेषणसमेत | हर्कबहादुर शाहीसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | ११ |

| | | | |
|---|---|---|---|
| १५. | कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. उमेश राय यादव | १२ |
| १६. | उत्प्रेषण | मौलाना मशहद खाँ नेपाली वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | १३ |
| १७. | प्रतिषेध | हरिनारायणप्रसाद रौनियार वि. डिभिजन सडक कार्यालय, नेपालगन्ज, बाँकेसमेत | १३ |
| १८. | उत्प्रेषणसमेत | साजन खड्गी वि. विमला गुरूङ खड्गीसमेत | १३ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मीनाकुमारी क्षेत्रीसमेत | १४ |
| **इजलास नं. ५** | | | १५ – ३८ |
| २०. | उत्प्रेषण | नारायणप्रसाद बराल वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १५ |
| २१. | उत्प्रेषण | राजकुमार सिंह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १७ |
| २२. | उत्प्रेषण | राजकुमार सिंह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १९ |
| २३. | जग्गा दर्ता | यमजीत प्रताप ज.ब.रा. वि. हिमालय इन्टरप्राइजेज प्रा.लि., गोपालशम्सेर ज.ब.रा.समेत वि. हिमालय इन्टरप्राइजेज प्रा.लि. | २१ |
| २४. | अंशदर्ता | रसिद पमरिया वि. हविव पमरियासमेत, इब्राहिम पमरियासमेत वि. रसिद पमरिया | २२ |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. माइला भन्ने कृष्णबहादुर तामाङसमेत | २३ |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश भन्ने बमबहादुर राई | २४ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दलबहादुर राई | २४ |
| २८. | खिचोला मेटाई हक कायम | रामचन्द्र मारीखु वि. पञ्चलक्ष्मी प्रजापति | २५ |

| | | | |
|---|---|---|---|
| २९. | डाँका चोरी | नेपाल सरकार वि. प्रकाश पुन भन्ने प्रकाश सुनुवार राईसमेत | २७ |
| ३०. | वैदेशिक रोजगार | नेपाल सरकार वि. शक्ति भण्डारीसमेत | २७ |
| ३१. | वैदेशिक रोजगार | नेपाल सरकार वि. प्रदिप चिण्डालसमेत | २८ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | रिता ढकाल वि. जिल्ला प्रहरी परिसर टेकु काठमाडौंसमेत | २९ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | नवलकिशोर साह वि. बाग्लुङ जिल्ला अदालतसमेत | २९ |
| ३४. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नामथर ०७८/०७९-४५(J) वि. बाग्लुङ जिल्ला अदालतसमेत | ३० |
| ३५. | उत्प्रेषण, प्रतिषेध, परमादेश | कान्छाकाजी कार्की वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत | ३० |
| ३६. | बन्दी प्रत्यक्षीकरण | इन्द्रप्रसाद सम्बाहाम्फे वि. पाँचथर जिल्ला अदालत, फिदिमसमेत | ३२ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | सिता केरूङ सम्बाहाम्फेसमेत वि. पाँचथर जिल्ला अदालत, फिदिमसमेत | ३२ |
| ३८. | लेनदेन | यशोदा खड्का रायमाझी वि. गोविन्द गौतम | ३३ |
| ३९. | लिखत बदर | गोविन्द काँदु वि. बकौली काँदुसमेत | ३४ |
| ४०. | उत्प्रेषण | केमोनिक्स नेपाल प्रा.लि. वि. दुर्गाप्रसाद खतिवडासमेत | ३४ |
| ४१. | लेनदेन | दिपककुमार पौडेल वि. काशीराम भुसाल | ३५ |
| ४२. | कर्तव्य ज्यान | रामदेवी तुलाचन शेरचन वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्द तुलाचन, नेपाल सरकार वि. गोविन्द तुलाचन | ३६ |
| ४३. | कर्तव्य ज्यान | प्रविण चौधरीसमेत वि. नेपाल सरकार, रेशमलाल महतो वि. नेपाल सरकार, सुमन खड्का वि. नेपाल सरकार, नेपाल सरकार वि. सुमन खड्का | ३७ |
| ४४. | कर्तव्य ज्यान | हरिश थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिश थापा | ३८ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | **३८ – ४१** |
| ४५. | मिलापत्र बमोजिमको पालन पोषणसमेतको खर्च दिलाइपाऊँ | सुमित्रा श्रेष्ठ वि. केशवबहादुर श्रेष्ठ | ३८ |
| ४६. | बन्दी प्रत्यक्षीकरण | संक्राम सिंह साउद वि. आन्तरिक राजस्व कार्यालय कैलाली, धनगढीसमेत | ३९ |
| ४७. | जालसाजी | किशोरी कुर्मी वि. मदनमोहन चौधरीसमेत | ४० |
| ४८. | हाडनातामा जबरजस्ती करणी | चित्रबहादुर ओली वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रकाश गौतमसमेत | ४० |
| **इजलास नं. ११** | | | **४१ – ४३** |
| ४९. | लिखत दर्ता बदर दर्ता कायम | विलट चौधरी वि. जागोदेवी चौधरीसमेत | ४१ |
| ५०. | बन्दी प्रत्यक्षीकरण | सुधिरकुमार शाह वि. नेपाल सरकार, गृह मन्त्रालय, मुकामसमेत | ४१ |

| | | | |
|---|---|---|---|
| ५१. | उत्प्रेषण / प्रतिषेध र परमादेश | टिकाराम घिमिरेसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मान्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४२ |
| **इजलास नं. १२** | | | **४३ – ५२** |
| ५२. | डाँका चोरी | नेपाल सरकार वि. विजय गुप्तासमेत | ४३ |
| ५३. | नापी निर्णय दर्ता बदर | ऐसा खातुन वि. मोइज अहमदसमेत | ४५ |
| ५४. | बैंकिङ कसुर | भरतकुमार गणेश वि. नेपाल सरकार | ४७ |
| ५५. | बैंकिङ कसुर | सरोजकुमार साह वि. नेपाल सरकार | ४७ |
| ५६. | बैंकिङ कसुर | नेपाल सरकार वि. रामबहादुर थापासमेत | ४८ |
| ५७. | बैंकिङ कसुर | नेपाल सरकार वि. भरतबहादुर थापासमेत | ४९ |
| ५८. | बैंकिङ कसुर | सुष्मा सापकोटा वि. नेपाल सरकार | ५० |
| ५९. | हातहतियार खरखजाना | नवीनकुमार मण्डल वि. नेपाल सरकार | ५१ |

## पूर्ण इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WF-०००१, बन्दीप्रत्यक्षीकरण, सुजन अधिकारी वि. उच्च अदालत पाटनसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान गर्न इन्कार गरेको विषय छ, निवेदकउपर चलेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गतको कसुरमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ लागु भएपछि सजाय निर्धारणबारे सुनुवाइ गरिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४, १५, १६ र १७ का व्यवस्थाहरूकोसमेत मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने कानूनी बाध्यता रहेकोसमेत सन्दर्भमा निवेदकको उमेर, कसुरको तरिका, आचरणसमेतको कुरा त्यतिखेरै विचार गरी उक्त कैद र जरिवानाको सजाय भएको रहेछ भनी मान्नुपर्ने हुन्छ। सजाय निर्धारणको सुनुवाइ हुँदा के परिस्थिति परी दफा १५५ प्रयोग नभई अब, निवेदकले कैदको सट्टा रकम तिर्न पाउनुपर्ने हो भन्ने निवेदकले स्पष्ट गर्न सकेकोसमेत पाइँदैन । साथै काठमाडौं जिल्ला अदालतले आदेश मिसिलमा आधारित भई आधार कारण खुलाई उक्त दफा १५५ को सुविधा दिन मिलेन भन्ने आदेश गरेको र सो आदेश कानूनबमोजिम रहेको भनी उच्च अदालत पाटनबाट समर्थन भएको अवस्था छ। दफा १५५ को व्यवस्था अधिकार नभई सुविधासँग सम्बन्धित व्यवस्था हो। माग गरिएको सुविधा दिने वा नदिने भन्ने सजाय कार्यान्वयन गर्ने अदालतको स्वविवेकीय अधिकारको विषय रहेको, अदालतले स्वविवेकीय अधिकारको प्रयोग विवेकसम्मत ढङ्गबाट गरेको देखिएको प्रस्तुत प्राचीन स्मारक संरक्षणसम्बन्धी मुद्दालाई फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा २४(३) को खण्ड (ट) मा नकारात्मक सूचीमा राखिएको पाइएको र जुन कसुरमा सजाय निलम्बन हुन सक्दैन त्यस्तोमा सामान्यतया कैदको सट्टा रकम तिरी कैदबाट छुटकारा दिन नमिल्ने भएबाटसमेत निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन। अतः रिट निवेदन खारेज गर्ने गरेको संयुक्त इजलासका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठको राय सदर हुने।

इजलास अधिकृत :- कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल असोज २७ गते रोज ५ शुभम्।

**२**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, मा.न्या.डा.श्री नहकुल सुवेदी र मा.न्या.श्री अब्दुल अजीज मुसलमान**, *०७९-CF-०००६, नाता कायम, भिमप्रसाद तिमिल्सेना वि. भूमिसराकुमारी वि.क.*

प्रमाण ऐन, २०३१ को दफा २३(४) मा अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकिन गर्नुपरेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। वादीले

यी प्रतिवादीसँग कुनै औपचारिक वा अनौपचारिक समारोहमार्फत विवाह गरेको वा विवाहको अनुष्ठान् देखिने गरी टीकाटाला, मन्दिरमा गएर एक अर्काबिच माल्यार्पण वा स्वयम्बर गरेको वा फिरादीले भनेझैँ घरबाट अन्यत्र लगि कहाँ कसको घरमा कहिलेदेखि राखेको वा लोग्नेस्वास्नी भई बसेको देख्ने थाहा पाउने व्यक्तिहरूलाई प्रमाणको रूपमा प्रस्तुत गर्न सक्नुपर्ने र अदालतले त्यस्ता घटनाक्रमहरू थाहा पाउने व्यक्तिलाई बुझेर प्रस्तुत मुद्दा किनारा गर्न सक्नेमा वादीले त्यस्तो कुनै व्यक्तिको नाम थर वतनसमेत खुलाउन नसकेको अवस्था देखिँदा फिराद दाबीबमोजिम बिनाआधार, कारण वा प्रमाण नाता कायम हुन सक्ने अवस्था नदेखिने ।

प्रमाणको विश्लेषणबाट वादी भूमिसराकुमारी बि.क. र प्रतिवादी भिमप्रसाद तिमिल्सेनाबिच लोग्ने स्वास्नीको नाता सम्बन्ध कायम हुने ठहऱ्याई सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७१।०६।०५ मा भएको फैसला र सो फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।०१।२९ मा भएको फैसला उल्टी भई वादी प्रतिवादीबिच लोग्ने स्वास्नीको नाता कायम हुन सक्ने नदेखिँदा वादीको फिराद दाबी पुग्न नसक्ने ठहर्छ भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७९।०४।१७ मा फैसला हुँदा माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्माबाट व्यक्त भएको राय मनासिब देखिँदा उक्त राय सदर हुने ।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल चैत्र १ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, *०७९-RC-००२५, कर्तव्य ज्यान, योगेन्द्र लिम्बुको जाहेरीले नेपाल सरकार वि. कन्चन लिम्बु*

प्रतिवादीलाई कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १८ वर्ष कैद गर्ने गरी व्यक्त भएको रायतर्फ विचार गर्दा, प्रतिवादी कञ्चन लिम्बुलाई सौतेनी आमाले सधैँ अवहेलना गरी दुर्व्यवहार गर्ने गरेको र बुबाले पनि आमाको कुरा सुनी निजप्रति नराम्रो व्यवहार गर्ने गरेको देखिन्छ । यसबाट प्रतिवादी कञ्चन लिम्बूले आमा बाबुबाट पाउनुपर्ने स्नेह नपाई निजलाई परिवारप्रति वितृष्णा र नकरात्मक भावना विकसित भएको देखिन्छ । वारदात घट्दाको समयमा प्रतिवादी कञ्चन लिम्बुको उमेर १८ वर्ष २ महिना २२ दिनको मात्र रहेको अवस्थामा निज कानूनी रूपमा साबालक भए तापनि सामाजिक रूपमा भने अपरिपक्क रहेको निज हुर्किएको वातारणबाट पुष्टि हुन्छ । प्रतिवादी कञ्चन लिम्बुले आमा बुबाको हत्या गरिसकेपछि निज स्वंय प्रहरीमा उपस्थित भई आफ्नो बाबु र सौतनी आमाको निकृष्ट व्यहारबाट आजित भएको कारण आमालाई बन्चरो प्रहार गरेको र बुबा पनि घरमा आइपुगेकोले निजलाई पनि कर्तव्य गरी ज्यान मारेको बेहोरा निजको अनुसन्धान अधिकारी तथा अदालतसमक्ष साबिती बयान दिई अनुसन्धानमा सहयोग गरेको देखिँदा निज प्रतिवादी कञ्चन लिम्बूलाई १८ वर्ष

कैद गर्ने गरी पुनरावेदन अदालत विराटनगर, धनकुटा इजलासबाट व्यक्त भएको राय मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी कञ्चन लिम्बुले आफ्नो आमा बुबालाई बन्चरो प्रहार गरी, कर्तव्य गरी ज्यान मारेको देखिँदा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४१(क) बमोजिमको कसुरमा सोही दफा ४१ बमोजिम निज प्रतिवादी जीवित रहेसम्म कैद हुने ठहर गरी २४ वर्ष कैद गर्ने गरी राय व्यक्त भई प्रतिवादीबाट मृतकको नाबालिग छोरीलाई रू.२०,०००।– क्षतिपूर्ति भराइदिने गरी सुरू तेह्रथुम जिल्ला अदालतबाट मिति २०७७।१०।२७ मा भएको फैसला केही उल्टी भई मुलुकी अपराध संहिता, २०७४ को दफा ४१बमोजिम जीवित रहेसम्म जन्म कैद गरेको हदसम्म नमिलेको हुँदा प्रतिवादी कञ्चन लिम्बूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.संहिताको दफा १७७(२) बमोजिम जन्मकैद हुने ठहरी मृतकहरूले प्रतिवादी उपर गर्दै आएको व्यहार तथा प्रतिवादीको उमेरको अपरिपक्कतासमेतका आधारमा निजलाई १८ वर्ष कैद सजाय गर्ने राय व्यक्त भई प्रतिवादीबाट मृतकको छोरीलाई रू.२०,०००।– क्षतिपूर्ति भराइदिने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७८।०९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०६९-CI-०५७८, लेनदेन, बेचन यादव वि. रामलखन मण्डल*

प्रतिवादीले वादी दाबीको मिति २०६५।०३।०३ को तमसुकबमोजिमको रकम वादीलाई तिरी बुझाइसकेको मान्न मिल्ने नदेखिएकोले सुरू जिल्ला अदालतबाट वादी दाबी पुग्ने ठहऱ्याएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।१०।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिमको साँवा रू. २,००,०००। (अक्षेरेपि दुई लाख रूपियाँ) तथा लिखत भएका मितिदेखि भरिभराउको मितिसम्मको कानूनबमोजिम हुने व्याजसमेत प्रत्यर्थी/प्रतिवादीबाट पुनरावेदक/वादीलाई भराइदिने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७९ साल चैत्र १४ गते रोज ३ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CI-०९४३, मोहीनामसारी कायम, रामचन्द्र थापा क्षेत्रीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

पुनरावेदकहरू दुर्गादेवी थापाको मु.स.गर्ने रामचन्द्र थापा क्षेत्री, लक्ष्मण थापा क्षेत्री र दिपक थापा क्षेत्रीको पुनरावेदन जिकिरतर्फ हेर्दा, निजहरूका बाबु पूर्णबहादुर थापाका नाममा मोही हक कायम रहे नरहेको के हो, सो हेर्नुपर्ने हुन आयो । माथि प्रकरणमा उल्लेख भएबमोजिम विवादित जग्गाको साबिक स्रोतबाट नापी भएको ३ कित्ता जग्गाको मोही यी पूर्णबहादुर थापासमेतका नाममा कायम भएको तथ्य स्थापित भइसकेको छ । उल्लिखित कि.नं.६२, ७२, ७३ को मोहियानी सम्बन्धमा अन्य कसैको दाबी जिकिरसमेत रहेको छैन । सो समयमा

पूर्णबहादुर थापा र निर्मलादेवी थापा एकासगोलका देवर भाउजू नाताका रहेको र उक्त ३ कित्ता जग्गा निजहरूले बन्डा गरेकोसमेत मिति २०४९।०२।२० मा निजहरू छुट्टी भिन्न भएको बन्डापत्रको कागजबाट देखिन्छ। सोही आधारमा विवादित जग्गाको मोहीको हैसियतले कमाई गरी खाने अधिकार निज निर्मलादेवी थापालाइसमेत रहे भएकोमासमेत विवाद नभए तापनि उक्त जग्गा जगत कुमारीले २०२३ सालमा भएको सर्भे नापीमा रैकरमा परिणत गराएउपर बदर गराउने क्रममा पुनरावेदन अदालतबाट रैकर नै कायम गर्ने निर्णय गरेउपर निर्मलादेवीले पुनरावेदन नगरी पूर्णबहादुर थापाको मात्र पुनरावेदन परी यस अदालतबाट उक्त जग्गा साबिकबमोजिम गुठी कायम भएको माथि उल्लेख गरिसकिएको छ। यसरी गुठीको जग्गा रैकरमा परिणत भएको अवस्थामा गुठीतर्फको मोही हक समाप्त भइसकेकोमा चित्त बुझाई बस्ने निज निर्मलादेवीको विवादित जग्गामा मोही हकको निरन्तरता टुटेको भन्ने देखियो। साबिक गुठीअन्तर्गतको जग्गा रैकरमा परिणत भएकोमा चित्त बुझाई बसेको अवस्थामा सो जग्गा पुनः गुठी कायम भएपछि निर्मलादेवीले सो जग्गामा मेरो पनि मोही हक कायम छ भन्नु विबन्धनको सिद्धान्तसमेतबाट मिल्ने देखिएन।

गुठी अधीनस्थ जग्गामा २०३० साल चैत मसान्तसम्म मोहियानी लाग्ने व्यवस्था नभएको र २०३० सालपछि पनि गुठी संस्थान ऐन, २०२९ को दफा २६को प्रतिबन्धात्मक वाक्यांशले गुठी संस्थानले लिखित मन्जुरी गरेकोमा बाहेक गुठी जग्गामा मोही हक नलाग्ने भन्ने गुठी संस्थानका तर्फबाट पर्न आएको पुनरावेदनका सम्बन्धमा विचार गर्दा विवादित कि.नं.६ को जग्गा गोकर्णेश्वर पञ्चामृत गुठीको जग्गा भनी गुठी संस्थान पनि सहमत नै रहेको देखिन्छ। सोही गुठीको जग्गा कि.नं.६२, ७२, र ७३ गुठीका नाममा कायम भई पूर्णबहादुरसमेतका नाममा मोही कायम भई निजका २ दाजुभाइ अंशियार भएको कारण भाउजू निर्मलादेवी र पूर्णबहादुरबिच बन्डा भएको भन्ने तथ्य माथिका प्रकरणहरूमा विवेचना भइसकेको छ। यसर्थ पुनरावेदक गुठी संस्थानकोसमेत अन्यथा जिकिर रहेको छैन। यसको अवस्थामा एउटै साबिक स्रोतको जग्गामा मोहियानी कायम हुने स्वीकारिसकेपछि प्रस्तुत विवादित जग्गामा पनि मोहियानी कायम हुने कुरामा गुठी संस्थान विबन्धित रहेको देखियो। उक्त जग्गामा मोही स्वीकार गरेपछि गुठी संस्थानको मन्जुरी रहेकै मान्नुपर्ने हुन्छ। अतः गुठीको जग्गामा मोही लाग्न सक्ने होइन भन्ने पुनरावेदक गुठी संस्थानको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

कि.नं.६२, ७२, ७३ र ६ को साबिक कि.नं. १९६,१९७ र ३७२ भएको र पूर्णबहादुर थापा उक्त कित्ता जग्गाको साबिकदेखि नै मोही भएको तथ्य स्थापित हुन आएकोले जगतकुमारी थापाबाट जग्गा खरिद गर्ने मायादेवी थापाको मु.स. गर्ने शिवबहादुर थापाको नाममा मोही हक नामसारी गरेको भूमी सुधार कार्यालय काठमाडौंको मिति २०६८।०८।०६ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०५।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई गोकर्णेश्वर पञ्चामृत गुठीमा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, २३(ष) कि.नं. ६ को १-३-३-० जग्गा पुनरावेदकहरू पूर्णबहादुर थापाको मु.स. गर्ने रामचन्द्र थापा क्षेत्री, लक्ष्मण थापा क्षेत्री र दिपक थापा क्षेत्रीको नाममा मोही हक नामसारी हुने।

इजलास अधिकृत: चिन्तामणी शर्मा/कृष्णशोभा सुवाल

इति संवत् २०८० साल वैशाख २४ गते रोज १ शुभम्।

**६**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CR-१०४९, सवारी ज्यान, नेपाल सरकार वि. नसिप गुरूङ*

अठार वर्षमुनिका बालबालिकालाई हुने सजायको हकमा उल्लिखित केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) एवं मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) का कानूनी व्यवस्था आकर्षित हुने हुन्छ । निज प्रतिवादी १७ वर्षका बालक रहेको देखिँदा उक्त कानूनी व्यवस्थाबमोजिम निजलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई मात्र सजाय हुने हुँदा सुरू तथा उच्च अदालतको फैसला सजाय निर्धारणको हदसम्म केही उल्टी भई प्रतिवादी नसिप गुरूङलाई १७ (सत्र) दिन कैद र रू.१,३३३।३३ (एक हजार तीन सय तेत्तिस रूपियाँ तेत्तिस पैसा) जरिवाना हुने देखिन्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) बमोजिमको थप जरिवानाको सजाय ऐ. ऐनको दफा १६१(१) र १६१(२) बमोजिमको कसुरदारको हकमा मात्र लागु हुने कुरा सोही दफा १६१(४) ले स्पष्ट उल्लेख गरेको हुँदा निज प्रतिवादीउपर उक्त दफा १६१(४) बमोजिम थप सजाय गर्न मिल्ने देखिन आएन ।

प्रतिवादी नसिप गुरूङउपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर ठहर गरी सोही दफा १६१(३) बमोजिम २५ दिन कैद र रू.२,०००।– जरिवाना गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७२।१०।२८ को फैसला सदर गरी उच्च अदालत पोखराबाट मिति २०७४।०४।१६ मा भएको फैसला कसुर ठहर गरेको हकमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । सजाय निर्धारणको हकमा, निज प्रतिवादी १७ वर्षका नाबालिग रहेको देखिँदा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) एवं मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निज प्रतिवादीलाई दुई तिहाई मात्र सजाय हुने हुँदा सुरू तथा उच्च अदालतको फैसला सजाय निर्धारणको हदसम्म केही उल्टी भई प्रतिवादी नसिप गुरूङलाई १७ (सत्र) दिन कैद र रू.१,३३३।३३ (एक हजार तीन सय तेत्तिस रूपियाँ तेत्तिस पैसा) जरिवाना हुने ।

इजलास अधिकृतः वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल कार्तिक १९ गते रोज १ शुभम् ।

**७**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०८०-WH-००५७, बन्दीप्रत्यक्षीकरण, शिवराम खड्का वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

निवेदकलाई फैसला कार्यान्वयनको क्रममा कारागार कार्यालय, डिल्लीबजार काठमाडौंमा थुनामा राखिएको हुँदा सो थुनालाई गैरकानूनी थुना हो भनी भन्न सकिने अवस्था विद्यमान नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहन नपरी सोतर्फ रिट निवेदन दाबी पुग्छ सक्दैन । रिट खारेज हुने ठहर्छ । साथै यी निवेदकलाई कसुरको मात्रानुसार हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को खण्ड (घ) अनुसार बिगोबमोजिम

रू.३,४७,४६८।६३ (तीन लाख सतचालिस हजार चार सय अठसठ्ठी र पैसा त्रिसट्ठी) जरिवाना र १ (एक) वर्ष ६(छ) महिना कैद हुने गरी फैसला कार्यान्वयन हुने हुन्छ । निवेदकलाई ठहर भएको जरिवाना रू.३,४७,४६८।६३ (तीन लाख सतचालिस हजार चार सय अठसठ्ठी र पैसा त्रिसट्ठी) को हकमा मुलकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा २ को खण्ड (क) तथा मुलकी फौजदारी कार्यविधि संहिता, २०७४बमोजिम प्रतिदिन रू.३००/- का दरले जरिवानाबापत कैद ठेकिएको कानूनसङ्गत नै रहेकोले सो हदसम्म निवेदकलाई जरिवानाबापत ठेकिएको कैदको लगत अनुसार कैदी पुर्जी दिएको यथावत रहने देखियो । निवेदकलाई ठहर भएको ५(पाँच) वर्ष कैदको सजायको लगत अनुसार फैसला कार्यान्वयन नहुने हुँदा सो ५(पाँच) वर्ष कैदको सजाय असुल उपर गर्नु भनी काठमाडौं जिल्ला अदालतबाट जारी भएको च.नं.२६६० मिति २०७९।१२।३० को कैदी पुर्जी सो हदसम्म कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अतः निवेदकलाई ठहर भएको जरिवानाबापतको कैदको लगत अनुसारको कैदी पुर्जी यथावत राखी कैदको सजायको हकमा १(एक) वर्ष ६(छ) महिना कैदको लगत कायम गरी असुल उपर गर्न काठमाडौं जिल्ला अदालत तहसिल शाखाको लगत नं.२४६५ को लगत संशोधन गरी सोबमोजिम संशोधित कैदी पुर्जी निवेदकलाई दिनु । तथा उक्त संशोधित लगतको जानकारी कपिलवस्तु जिल्ला अदालतलाई गराउनु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :- जयन्ती अवस्थी भट्ट

इति संवत् २०८० साल असोज २३ गते रोज ३ शुभम् ।

## ८

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अव्दुल अजीज मुसलमान**, *०७८-WO-००७४, उत्प्रेषण, निकुञ्ज अग्रवाल वि. नेपाल सरकार, आन्तरिक राजस्व विभाग, ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत*

औद्योगिक व्यवसाय ऐन, २०७३ को निवेदकसरहको उद्योगले पाउने आयकर छुट सुविधा एवम् हाल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७६ को समेतले प्रदान गरेको आयकर छुटसम्बन्धी व्यवस्थालाई विधायिकाले संशोधन तथा थप व्यवस्थाको माध्यमबाट आयकर ऐन, २०५८ मा सम्बोधन गरी आयकर छुट पाउने व्यवस्था गरिसकेको अवस्थामा विपक्षी कार्यालयले गरेको कर निर्धारण आदेश सो नजिरको विपरीत भएको भन्ने निवेदकको भनाइ मनासिब देखिएन ।

रिट निवेदनमा निवेदक उद्योगले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा २२ बमोजिमको आयकर छुट आफूले प्राप्त नगरेको भन्ने भनाइ रहेको र विपक्षीहरूको लिखित जवाफमा निवेदक उद्योगले औद्योगिक व्यवसाय ऐनबमोजिम पाउने छुट सम्बन्धमा आयकर ऐनमा नै समान व्यवस्था भई कानूनबमोजिम पाउने छुट पाइसकेकोले पुन: दोहोरा कर छुटको सुविधा पाउने होइन भन्ने जिकिर रहेको सन्दर्भमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा २२ को उपदफा (३) को व्यवस्था यहाँ उल्लेखनीय छ । सो उपदफामा "एउटै आयको सम्बन्धमा यस दफाबमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको उद्योगले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने छ" भन्ने व्यवस्था रहेको देखियो । मुलत: उक्त दफा २२ को व्यवस्था भनेको उद्योगलाई

सो ऐनबमोजिम प्राप्त हुने आयकर छुट, सुविधा वा सहुलियतसँग सम्बन्धित व्यवस्था रहेको देखिन्छ । दफा २२ (१) को खण्ड (क) देखि खण्ड (फ) सम्म विभिन्न किसिमका उद्योगले के कस्तो छुट वा सुविधा पाउने भन्ने कुरा निर्धारण गरिएको पाइयो । त्यस्तै दफा २२ को उपदफा ३ मा माथि उल्लेख भएको दफामा कुनै उद्योगले एक भन्दा वढी छुट वा सुविधा पाउन सक्ने स्थितिमा सो उद्योगले रोजेको कुनै एउटा मात्र छुट पाउन सक्ने गरी छुट वा सुविधालाई सीमित गरेको देखियो । हाल लागु रहेको औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २४ को उपदफा (४) लेसमेत एउटै आयको सम्बन्धमा सो दफाबमोजिम एक भन्दा वढी छुट पाउनसक्ने अवस्था भएका उद्योगले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ । रिट निवदकले पनि जुन कानूनबमोजिम निजलाई बढी कर छुटको लाभ प्राप्त हुने हो सो छुटलाई छनोट गर्न सक्ने र उद्योग व्यवसायको प्रतिस्पर्धा तथा सम्बर्धन गर्ने सन्दर्भमा त्यसलाई सम्बन्धित निकायले मान्नुपर्ने कुरा न्यायोचित हुने हो । यसरी यी रिट निवेदकले जुन कानूनको व्यवस्था देखाई यो रिट निवेदन दायर गरेको हो, सो दफाले नै एउटै विषयमा दोहोरो छुट वा सुविधा पाउने कुरालाई सीमित गरी कुनै एउटा छुट वा सुविधा मात्र पाउने कुरालाई सुनिश्चित गरेको देखिएको स्थितिमा आफूले दुई वटा ऐनले समान विषयमा प्रदान गरेको छुट अलग अलग वा पृथक् पृथक् रूपमा प्राप्त गर्नपर्ने भन्ने निवेदकको भनाइ माथि उल्लेख भएको दफा २२ को उपदफा (३) को व्यवस्थाको प्रतिकूलसमेत देखिन आयो।

तसर्थ उपर्युक्त आधार र कारणबाट रिट निवेदक उद्योगलाई औद्योगिक व्यवसाय ऐन, २०७३ बाट प्रदान गरिएको आयकर छुटसम्बन्धी सुविधा र सहुलियतलाई प्रचलित आयकर ऐन, २०५८ ले सम्बोधन गरी उक्त आयकर ऐनले नै औद्योगिक व्यवसाय ऐनबमोजिमको दरमा समान रूपमा कर छुट दिएको देखिएको, सोहीबमोजिम विपक्षी निकायबाट कर निर्धारणसमेत भएको भन्ने मिसिल संलग्न निर्णयसमेतका कागजातबाट देखिन आएको अवस्थामा एउटै निकायले दोहोरो आर्थिक कर छुट पाउने नहुँदा आफूले दुवै ऐनले प्रदान गरेको कर छुटको सुविधा पृथक् पृथक् रूपमा पाउनुपर्ने भन्ने निवेदकको भनाइ मनासिब नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - जयन्ती अवस्थी भट्ट

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल माघ २१ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ:

- ०७८-WO-००७३, उत्प्रेषण, कमला रोलिङ मिल्स प्रा.लि. वि. नेपाल सरकार, आन्तरिक राजस्व विभाग, ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०७७-WO-१२७८, उत्प्रेषण, कमला रोलिङ मिल्स प्रा.लि. वि. नेपाल सरकार, आन्तरिक राजस्व विभाग, ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०७७-WO-१२७७, उत्प्रेषणसमेत, कमला रोलिङ मिल्स प्रा.लि. वि. नेपाल सरकार, आन्तरिक राजस्व विभाग, ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत

## इजलास नं. १

### ९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CR-०७२१, सवारी ज्यान, नेपाल सरकार वि. राजेश कुमाल*

प्रतिवादी राजेश कुमालले आफूसँग सवारी चालक अनुमतिपत्र नलिई लापरबाहीपूर्वक सवारी चलाई जाहेरवालाको देवर बिरबहादुर गुरूङलाई ठक्कर दिई घाइते भएपछि उपचारको लागि लजाँदै गर्दा मृत्यु भएको भन्ने तथ्य निज प्रतिवादीले मौकामा र अदालतमा गरेको बयान, जाहेरी दरखास्त, बुझिएका मानिसले गरेको घटना विवरण कागज एवम् बकपत्र र घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट र सडक दुर्घटना प्रतिवेदनसमेतबाट पुष्टि भइरहेको देखिन्छ। यसरी प्रतिवादी राजेश कुमालले आरोपित कसुर गरेको पुष्टि भएको अवस्थामा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) र उपदफा (४) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी सोही दफा १६१ को उपदफा (३) र उपदफा (४) बमोजिम सजाय हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।६ मा भएको फैसलामा निज प्रतिवादीले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएको देखिँदा सोही दफा १६१ को उपदफा (४) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मनासिब नै देखियो। तर निज प्रतिवादी राजेश कुमालले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराई मानिसको मृत्यु भएको देखिरहेको अवस्थामा निजले लापरवाहीपूर्वक सवारी चलाएको मान्नुपर्ने हुँदा प्रतिवादीलाई ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको देखिन आएन।

प्रतिवादी राजेश कुमालले सवारी चालाउने अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराई मानिसको मृत्यु भएको तथ्य स्थापित भएको देखिँदा निज प्रतिवादी राजेश कुमाललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) बमोजिम तीन महिना कैद र दुई हजार रूपियाँ जरिवाना हुने तथा निजले सवारी चालक अनुमतिपत्र प्राप्त गरेको नदेखिँदा सोही दफा १६१ को उपदफा (४) बमोजिम थप दुई हजार रूपियाँ जरिवानासमेत हुने गरी भएको चितवन जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।६ मा भएको फैसला मा निज प्रतिवादीलाई ऐ.दफा १६१ को उपदफा (४) बमोजिम दुई हजार रूपियाँ जरिवाना भएको हदसम्म उक्त फैसला मिलेको देखिँदा सदर हुने र ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी राजेश कुमाललाई ऐ.दफा १६१ को उपदफा (२) बमोजिम दुई वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : राजकुमार दाहाल
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम्।

### १०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-१३२८, लागुऔषध कोरेक्स, नेपाल सरकार वि. फारूक अन्सारी*

प्रतिवादी फारूक अन्सारीले उक्त बरामद भएको लागु औषध कोरेक्स आफू खोकीको

बिरामी भएकोले सेवन गर्ने गरेको र सो कुरालाई निजको साक्षीसमेत को बकपत्रले पुष्टि गरिरहेको तथा बरामदित लागु औषधको परिमाणसमेतका आधारमा निज प्रतिवादीले उक्त कोरेक्स सेवन गर्न ल्याएको देखिँदा सेवनतर्फ सजाय गरेको पर्सा जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०४।२२ मा भएको फैसलालाई अन्यथा भन्न मिलेन । अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन र विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन।

प्रतिवादी फारूक अन्सारीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिमको कसुर गरेको देखिँदा निजलाई ऐ. को दफा १४(१)(ज) बमोजिम रू.२,०००।– (दुई हजार) जरिवाना र २ महिना कैद गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।४।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - राजकुमार दाहाल, श्रद्धा विष्ट
कम्प्युटर - रमला पराजुली
इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-१०११, जबरजस्ती करणी, नेपाल सरकार वि. जटिया भन्ने सिन्दु राजवंशी*

मिति २०७४।११।२२ मा आफूमाथि जबरजस्ती करणी भएको हो भनी दाबी लिने पीडित भनिएकी जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा उक्त मितिमा आफूमाथि जबरजस्ती करणी भएको होइन, सो मितिमा मेरो घरमा प्रवेश गरेका प्रतिवादीलाई घरबाहिरै रहेका जेठाजुसमेतले पक्राउ गरी प्रहरीमा बुझाएका थिए भनी जाहेरी दरखास्तमा वारदात कायम गरिएको मितिलाई नै खण्डित गर्ने गरी जाहेरी बेहोराको प्रतिकूल बकपत्र गरेको देखियो । मौकामा बुझिएका पीडितकै ससुरा ०४-६(छ)-३ ले मिति २०७४।१२।१२ मा प्रतिवादीलाई पीडितको घरभित्र समातेको हुँ भनी बकपत्र गरे पनि उक्त मितिमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी कहीँ कसैले दाबी लिएको देखिएन। पीडितले नै बकपत्रमा उपर्युक्त दुवै मितिमा आफूलाई जबरजस्ती करणी गरिएको होइन, तर २०७४ साल माघ महिनाको ३/४ गतेतिर आफूमाथि प्रतिवादीले जबरजस्ती करणी गरेका थिए भनी बकपत्र गरे पनि उक्त कुरा पीडितले बकपत्रमा व्यक्त गरेबाहेक सो मितिलाई वारदात मिति कायम गरी जाहेरी दिएको, त्यसअनुरूप यी प्रतिवादी विरूद्ध अभियोग दाबी लिइएको, अनुसन्धान भएको वा कोही कसैले त्यससम्बन्धी व्यक्त गरेकोसमेत देखिन आएन।

यसरी पीडितले जाहेरी दरखास्तमा दाबी लिँदा मिति २०७४।११।२२ गते प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भनी दाबी लिए पनि वादी नेपाल सरकारकै साक्षी ०४-६(छ)-३ ले उक्त मितिमा आफूमाथि जबरजस्ती करणी भएको थियो भनी पीडितले नभनेको भनी जाहेरवालीको जिकिरलाई खण्डन गरी बकपत्र गरेको, मिति २०७४।१२।१२ गते जबरजस्ती करणीको वारदात भएको भन्ने कहीँकतैबाट नदेखिएको र जाहेरवालीले बकपत्र गर्दा मितिसमेत स्पष्ट नगरी २०७४ साल माघ महिनाको को ३/४ गतेतिर प्रतिवादीले जबरजस्ती करणी गरेको हो भनी जाहेरी दरखास्त प्रतिकूल हुने

गरी पटक पटक आफ्नो अडान फेरेको तथा मेची अञ्चल अस्पताल झापाबाट मिति २०७४।१२।२० मा गरिएको पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा No sign of any injuries on body भन्नेसमेत बेहोरा उल्लेख भएकोसमेतका आधारमा यी पीडितउपर जबरजस्ती करणी भएको भन्ने कुरा वादी नेपाल सरकारले नै वस्तुनिष्ठ रूपमा पुष्टि गर्न सकेको देखिएन।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा जबरजस्ती करणीको कसुरमा प्रतिवादी विरूद्धको अभियोग दाबीलाई वादी नेपाल सरकारले वस्तुनिष्ठ रूपमा पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीउपरको अभियोग दाबी खण्डित भइरहे पनि प्रतिवादी जटिया भन्ने सिन्दु राजवंशीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(५) नं.बमोजिम ५(पाँच) वर्ष कैद गर्ने र निजबाट जाहेरवालीले रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराइपाउने ठहर गरी सुरू झापा जिल्ला अदालतले मिति २०७५।७।१४ मा गरेको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी गरी प्रतिवादी जटिया भन्ने सिन्दु राजवंशीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-००४२, बन्दीप्रत्यक्षीकरणसमेत, कपिलराज राउत वि. श्री वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत*

निवेदकको स्वच्छ सुनुवाइको हकको प्रचलनको लागि माग अनुसारको आदेशहरू जारी गर्नुपर्ने नै देखिएकोले यी निवेदकसमेत प्रतिवादी रहेको उल्लिखित २०७३ सालको मुद्दा नं. २६६/४६३ को वैदेशिक रोजगार कसुर मुद्दामा वैदेशिक रोजगार न्ययाधिकरणबाट यी निवेदकको नाममा जारी गरी बेपत्ते तामेल भएको समाह्वान म्याद, सो म्याद सदर गरी सोही न्यायाधिकरणबाट उक्त मुद्दामा गरिएको मिति २०७४/८/१२ को फैसला र सो फैसलाको आधारमा यी निवेदकका नाममा जारी गरिएको मिति २०७८/४/३१ को कैदी पुर्जीलगायतका सम्पूर्ण काम कारबाहीहरू निवेदकको हकसम्ममा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। यी निवेदकको हकमा जारी भएको समाह्वान म्याद, फैसला र कैदी पुर्जीलगायतका काम कारबाहीहरू बदर भएकोले निजलाई कैदमा राख्ने कार्य पनि गैरकानूनी भएकोले निजलाई कैद मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी हुने ठहर्छ । उल्लिखित समाह्वान म्याद, फैसला र कैदीपुर्जीसमेत निवेदकको हकमा बदर हुने भई प्रस्तुत मुद्दामा निजलाई उपस्थित गराई न्यायिक प्रक्रिया सम्पन्न गर्नुपर्ने भएकोले निवेदक कपिलराज राउतलाई वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित गराई निजको बयान लिई थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका कानूनबमोजिम पूरा गर्नुपर्ने प्रक्रिया पूरा गरी मुद्दामा फैसला गर्नु गराउनु भनी वैदेशिक रोजगार न्यायाधिकरणको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७८ साल असोज २० गते रोज ४ शुभम्।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CR-११८८, मानव बेचबिखन तथा ओसारपसार, चैते भन्ने बुद्धिबहादुर तामाङ वि. परिवर्तित नाम ३३ को जाहेरीले नेपाल सरकार*

प्रतिवादी चैते भन्ने बुद्धिबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत र ऐ. दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) बमोजिम १० (दश) वर्ष कैद र एक लाख रूपियाँ जरिवाना गरी निजबाट पीडितले ऐ. ऐनको दफा १७ बमोजिम रू.५०,०००।- (पचास हजार रूपियाँ) क्षेतिपूर्ति भराइलिन पाउने ठहऱ्याई र प्रस्तुत कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर कायम गरिपाउँ भनी लिएको दाबी जिकिरका सम्बन्धमा केही उल्लेख नगरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७२।३।२३ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।३।२१ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी चैते भन्ने बुद्धिबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत र ऐ. दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (१) बमोजिम १० (दश) वर्ष कैद र एक लाख रूपियाँ जरिवाना भई निजबाट पीडितले ऐ. ऐनको दफा १७ बमोजिम रू.५०,०००।- (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराइलिन पाउने र ऐ. ऐनको दफा २२ बमोजिम प्रतिवादीहरूले गरेको कसुर नैतिक पतन देखिने फौजदारी कसुरसमेत कायम हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी चैते भन्ने बुद्धिबहादुर तामाङको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी चैते भन्ने बुद्धिबहादुर तामाङलाई अभियोग दाबीबमोजिम थप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सो हदसम्म पुग्न नसक्ने ।

इजलास अधिकृत : कुबेर पाण्डे

इति संवत् २०७८ साल भाद्र १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO-००७७, उत्प्रेषणसमेत, हर्कबहादुर शाहीसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निवेदकहरूले लोक सेवा आयोगको मिति २०७७।०८।२४ को सूचना नं. १०४/०७७/०७८, बढुवा सूचना नं. १४७/०७७-७८ अन्तर्गत नेपाल प्रशासन सेवा, राजस्व समूह, रा.प.तृतीय श्रेणीको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा आफूहरूलाई पनि बढुवाको सम्भाव्य उम्मेदवार कायम गरिपाउन माग गरेको देखियो । यसै अदालतको आदेशबमोजिम बढुवा समितिले निवेदकहरूकोसमेत दरखास्त लिई सम्बद्ध निकायहरूको राय परामर्श एवं कानूनी व्यवस्थासमेतको आधारमा दरखास्त दिएको उम्मेदवारहरूमध्ये बाट योग्यता पुगेका उम्मेदवारहरूलाई मिति २०७८।०४।०५ मा बढुवा सिफारिस गर्ने निर्णय भएको देखियो । निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०

समेतको कानूनी व्यवस्थाबमोजिम राजस्व समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवाका लागि दरखास्त परेका उम्मेदवारहरूमध्येबाट बढुवा समितिले बढुवाको लागि सिफारिस गरी बढुवा कार्य नै सम्पन्न भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदन जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन।

निवेदकहरूसमेतको दरखास्त फारम लिई बढुवा समितिले बढुवाको सम्भाव्य उम्मेदवारहरूलाई नेपाल प्रशासन सेवा, राजस्व समूहको रा.प.तृतीय श्रेणीको पदमा बढुवा सिफारिस गर्ने निर्णय मिति २०७८।०४।०५ मा गरी बढुवा कार्यसमेत सम्पन्न भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : राजन खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम्।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-CR-०३७६, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. उमेश राय यादव*

पुनरावेदक इश्वरी बोहजु विरूद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा "मुलुकी ऐन ज्यानसम्बन्धी महलको कानूनी व्यवस्थासमेतलाई विचार गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्त्वको हस्तक्षेपले गर्दा ज्यान मार्न नसकेको हुनुपर्ने" भनी (ने.का.प. २०५१, नि.नं.५०१७, पृष्ठ ९४५) मा कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। उक्त सिद्धान्त र प्रस्तुत मुद्दामा भएका समग्र तथ्यगत विवरणहरूको विश्लेषण गरी हेर्दा ज्यान मार्ने उद्योगको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहर गरी भएको सुरू तथा उच्च अदालतको फैसला मनासिब देखिन आयो।

मृतक ठगा रायलाई कुटपिट गर्न मुख्य रूपमा वचन दिई कार्य गर्ने प्रतिवादी रामकैलास राय रहेको भनी सुरू मिति २०६५।११।३० को जाहेरीमा र पछि उपचारको क्रममा मृत्यु भएको दिन मिति २०६५।१२।०३ मा दिएको जाहेरीमा पनि उल्लेख भएको र मिसिल संलग्न सहप्रतिवादीहरूको पोललगायतका प्रमाण कागजहरूले राम कैलासको कसुरमा संलग्नता रहेको पुष्टि हुन आएको पाइयो। प्रतिवादी मुकेश राय यादवलाई ज्यानसम्बन्धी महलको १७(२) नं.बमोजिम पाँच वर्ष कैदको सजाय हुने र प्रतिवादी उमेश राय यादव १४ वर्षभन्दा कम उमेरको देखिन आएको प्रमाण पेस रहेको निजको उमेरको सन्दर्भमा निश्चयात्मक सबुद वादी पक्षबाट पेस भएको नहुँदा निज प्रतिवादी उमेश राय यादवलाई बालबालिकासम्बन्धी ऐनको दफा ११बमोजिम छ महिना कैद गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।०७।२६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी राम कैलास यादवले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद गर्ने गरी तथा अन्य प्रतिवादीहरू रामविलास राय, भरोसी राय, राम जिनिश राय, राम विनय राय, गोपाल राय र उमेश राउत कुर्मीलाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत जनकपुरबाट मिति २०७६।०२।०१ मा भएको

फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- शिवहरि पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २१ गते रोज ३ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-WO-१२५८, उत्प्रेषण, मौलाना मशहद खाँ नेपाली वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

राष्ट्रिय जनगणना २०६८ को जातीय विवरण हेर्दा मुस्लिम धार्मिक जाती समुदाय कूल जनसङ्ख्याको ४.४% रहेको भन्ने लिखित जवाफमा उल्लेख भएको देखिन्छ । निवेदन दाबीको मिति २०७४।०१।११ को नेपाल राजपत्रमा ०.५% भन्दा कम जनसङ्ख्या रहेका जातीय समूह (दलितबाहेक) लाई मात्र अल्पसङ्ख्यकको सूचीमा समावेश गरी सूची प्रकाशन गरेको देखिएको छ। यस अवस्थामा तोकिएको प्रतिशतभन्दा बढी अर्थात् ४.४% जनसङ्ख्या रहेको मुस्लिम धार्मिक जाती समुदायलाई उक्त सूचीमा समाविष्ट नगरिएको प्रत्यर्थीहरूको कार्य संविधान तथा प्रचलित कानूनविपरीत देखिन आएन।

अर्कोतर्फ २०७३ सालको स्थानीय निर्वाचनको प्रयोजनको लागि नेपाल राजपत्रमा मिति २०७४।०१।११ मा प्रकाशन गरिएको अल्पसङ्ख्यकको सूचीमा मुस्लिम धार्मिक जाती समूह नपरेको भन्ने रिट निवेदकको दाबी छ। उक्त निर्वाचन सम्पन्न भई पुनः अर्को स्थानीय निर्वाचन २०७९ सालमा सम्पन्न भइसकेको छ। अब निवेदकले दाबी लिएको स्थानीय निर्वाचनको अवधि समाप्त भई नयाँ स्थानीय निर्वाचनसमेत भइसकेको परिप्रेक्ष्यमा प्रस्तुत निवेदनको सान्दर्भिकता र औचित्यसमेत रहेको पाइएन । प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- कृतिबहादुर बस्नेत

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-WO-०३४६, प्रतिषेध, हरिनारायणप्रसाद रौनियार वि. डिभिजन सडक कार्यालय, नेपालगन्ज, बाँकेसमेत*

निवेदक फर्मले खरिद सम्झौताबमोजिमको कार्य सम्पादन नगरेका कारण सम्झौता गर्दा निजले पेस गरेको कार्यसम्पादन जमानत रकम माग गरी पत्राचार गरेको देखिन्छ। उक्त रकम प्राप्त भएपछि मिति २०७४।०९।२० मा प्रत्यर्थी सडक डिभिजन नेपालगन्जको धरौटी खातामा जम्मा गरेकोमा मिति २०७९।०७।२५ मा जफत गरी राजस्व खातामा जम्मा गरिसकेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आयो। यस स्थितिमा प्रतिषेधको आदेश जारी गरिपाउँ भनी दायर हुन आएको प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृतिबहादुर बस्नेत

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-WO-१३४८, उत्प्रेषणसमेत, साजन खड्गी वि. विमला गुरूङ खड्गीसमेत*

रिट निवेदकले प्रत्यर्थी बिमला गुरूङ

खड्गीसँगको पति पत्नीको सम्बन्ध विच्छेद गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा दिएको मु.नं. ०७८-CP-३६४६ को सम्बन्ध विच्छेद मुद्दा हाल सोही अदालतमा विचाराधीन रहेको देखिन्छ । सो मुद्दामा उपर्युक्तबमोजिम काठमाडौं जिल्ला अदालतबाट भएको आदेश उच्च अदालत पाटनबाटसमेत सदर भइरहेको देखियो । मातहत अदातलबाट भएका निर्णय वा आदेश गैरकानूनी वा प्रचलित कानूनी प्रक्रियाविपरीत नभएसम्म रिट क्षेत्रबाट सो विषयमा हस्तक्षेप गर्नु मनासिब हुने देखिँदैन । मातहत अदालतमा विचाराधीन मुद्दामा प्रत्यक्ष रूपमा असर पर्ने गरी यस अदालतबाट तथ्य प्रमाणको विवेचना तथा मूल्याङ्कन गरी रिट क्षेत्राधिकार ग्रहण गरी आदेश जारी गर्न मिल्ने पनि देखिएन ।

वस्तुतः कुनै व्यक्तिको संविधान वा कानून प्रदत्त हकको कहीँकतैबाट अतिक्रमण भएको र सोउपर उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा यस अदालतको रिट क्षेत्राधिकार आकर्षित हुने हुन्छ । प्रमाण मूल्याङ्कनको विषय रिट क्षेत्राधिकारबाट हेरिने होइन । मातहतको जिल्ला अदालतले साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाको सन्दर्भमा प्रमाण मूल्याङ्कनको लागि आदेश गरेको देखिएको छ । उक्त आदेशउपर साधारण क्षेत्राधिकारअन्तर्गत बेरितको आदेश बदर गरिपाउँ भनी पुनरावेदन सुन्ने अदालतमा पर्न आएको निवेदनमा सुनुवाइ हुँदा जिल्ला अदालतको आदेश सदर भएको देखिन्छ । तत्पश्चात् यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनका सम्बन्धमा यस अदालतको रिट क्षेत्राधिकार आकर्षित हुन सक्ने देखिँदैन ।

रिट निवेदकले काठमाडौं जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दा दिएको भन्ने देखिन्छ । वादी प्रतिवादीहरूबाहेक अन्य के कति अंशियारहरू रहेका छन् भन्ने सम्बन्धमा बुझ्न भनी काठमाडौं जिल्ला अदालतबाट भएको आदेश उच्च अदालत पाटनबाटसमेत सदर भई अन्तिम भइरहेको पाइन्छ । सो मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको देखिन्छ । विचाराधीन मुद्दालाई असर पार्ने गरी यस अदालतले रिट क्षेत्राधिकारबाट प्रमाण बुझ्न नपाउने भनी बोल्न मिल्ने देखिएन ।

मातहतका अदालतमा विचाराधीन रहेको मुद्दामा असर पार्ने गरी यस अदालतबाट रिट क्षेत्राधिकार ग्रहण गरी बोल्न मिल्ने देखिएन । रिट निवेदक वादी भई चलेको सम्बन्ध विच्छेद मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा कारबाहीयुक्त अवस्थामा रहेको देखियो । यस अदालतबाट असाधारण अधिकारक्षेत्र ग्रहण गरी तथ्य प्रमाणको विवेचना वा मूल्याङ्कनको विषयमा मातहत अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्नु मनासिब हुने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- कृतिबहादुर बस्नेत

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०८० साल आषाढ २४ गते रोज १ शुभम् ।

## १९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-१८२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. मीनाकुमारी क्षेत्रीसमेत*

पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि भई प्रतिवादी मीनाकुमारी क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद र अर्का प्रतिवादी

विजयराज क्षेत्रीले ज्यान मार्नमा वचन दिएकाले निजलाई ऐ. ऐनको १३(४) बमोजिम जन्मकैदको सजाय ठहऱ्याउनुपर्नेमा प्रतिवादी विजयराज क्षेत्रीको हकमा ज्यानसम्बन्धी महलको १६ नं.बमोजिम १० (दश) वर्ष कैदको सजाय गर्ने गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।१०।०२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी मीनाकुमारी क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद र प्रतिवादी विजयराज क्षेत्रीलाईसमेत सोही १३(४) नं.बमोजिम जन्मकैदको सजाय हुने।

प्रतिवादी मीनाकुमारी क्षेत्रीले अभियोग दाबी स्वीकार गरी केवल सजाय घटाउन माग गरेकोले उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।१०।०२ मा निजको हकमा भएको फैसलाको सम्बन्धमा केही बोलिरहन परेन।

उल्लिखित दुवै जना प्रतिवादीहरूले अभियोग दाबी स्वीकार गरेको देखिन्छ। निजहरू देवर भाउजू नाताका भई निजहरूको यौन सम्पर्कबाट छोरी जन्मेको र छोरी जन्मेपछि मार्ने क्रिया हुँदा प्रतिवादी विजयराज क्षेत्री नेपाली सेनाको कालिदल गण सुर्खेतमा नोकरी गरी बसेको देखिन्छ। नवजात शिशुको कर्तव्य गर्नुपर्ने अन्य कुनै कारण छैन । आफ्नो पति घरमा नभएको अवस्थामा प्रतिवादी मीनाकुमारी क्षेत्रीको देवर प्रतिवादीमध्येका विजयराज क्षेत्रीसँग अवैध शारीरिक सम्पर्क भएकोमा गर्भ रही बच्चा जन्माउनुपर्ने अवस्था आएपछि समाजको लोकलज्जाको कारण बाध्य भई दुवै जना प्रतिवादीको मिलेमतोमा नवजात शिशुलाई मार्नुपर्ने परिस्थिति खडा भएको देखिन्छ। उल्लिखित परिस्थितजन्य प्रमाणसमेतलाई हेर्दा, ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भएकोले यी दुवै प्रतिवादीहरूलाई तत्काल प्रचलित मुलुकी ऐन, अ.वं. १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क.बमोजिम जनही ५ (पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत :- नारायण पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेष्ठ २९ गते रोज २ शुभम्।

## इजलास नं. ५

### २०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७७-WO-१०५१, उत्प्रेषण, नारायणप्रसाद बराल वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (८) को प्रतिबन्धात्मक वाक्यांशमा विदेशी शिक्षण संस्थासँग सम्बन्धन प्राप्त गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनीतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले सर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्ने देखिन्छ । त्यसरी विद्यालय खोल्नको लागि मन्त्रालयसमक्ष सिधै निवेदन दिन सकिने तथा दफा ३ को उपदफा (९) मा अनुमति वा स्वीकृति प्राप्त विद्यालयले सर्तबमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्ने एवं शिक्षा नियमावली, २०५९ को नियम १९२ मा मन्त्रालयले ऐन र नियमावलीको अधीनमा रही निर्देशिका बनाउन सक्ने व्यवस्था रहेको देखिन्छ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ को

दफा ८ को उपदफा (५) मा निरीक्षण तथा अनुगमन समितिले अनुमति नवीकरण गर्न सिफारिस गर्न सक्ने र यसरी प्राप्त सिफारिसका आधारमा मन्त्रालयले सम्बन्धित शिक्षण संस्थाहरूको स्वीकृत कार्यक्रमको पाँच वर्ष अवधिका लागि सञ्चालन अनुमति नवीकरण गर्न सक्ने तथा ऐ.ऐ.को उपदफा (९) मा निर्देशिकामा उल्लिखित सर्त पूरा नगरेमा, दफा ६बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकैबखत सञ्चालन अनुमति रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमति रद्द गर्नुअघि सम्बन्धित शिक्षण संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरिएको देखिन्छ। प्रस्तुत मुद्दामा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।०१।२३ मा स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ मा गरिएको प्रावधानहरूमा मिति २०७२।४।३२ मा पहिलो संशोधन र मिति २०७४।५।८ मा दोस्रो संशोधन गरी उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले प्रतिमहिना प्रतिकार्यक्रम दश हजार रूपियाँ अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्तभित्रमा आवेदन गर्न सक्ने र सो अवधिभित्र नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज हुने प्रावधानहरू राखिएको र प्रत्यक्षरूपमा सम्बन्धित संस्थालाई शिक्षा नियमावलीको नियम १९२ बमोजिम सफाइको पूर्ण मौका नदिई दर्ता नवीकरण नगरी खारेज गर्ने कार्य त्रुटिपूर्ण देखिन्छ। निर्देशिका बनाउँदा कुन कानूनको अख्तियारी लिई उक्त निर्देशिका बनाइएको हो सोसमेत नखुलाई गरिएको मिति २०७६।०७।२२ मा गोरखापत्रमा प्रकाशित एकमुष्ट सूचना, प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।१०।२३ गते निवेदक कलेजको अनुमति स्वतः खारेज हुने बेहोराको निर्णय र सो अनुसारको जानकारी पत्रलगायत कामकारबाहीहरू कानूनअनुकूल नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब कानूनबमोजिम कलेज नवीकरण गरी कलेज सञ्चालन तथा पठनपाठन कार्य गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षासम्बन्धी हक र शिक्षासम्बन्धी निर्धारित नीति र अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियालाई सवलीकरण गर्नुपर्ने देखिन्छ। यस परिप्रेक्ष्यमा शिक्षा सार्वजनिक वस्तु (Public Good) हो र यसमा सामान्यतया नाफा (profit) भन्दा पनि सेवा प्रमुख तत्त्व हुन्छ भन्ने नेपालको संविधानको धारा ३१, धारा ५१(ज)(२) तथा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानूनका मान्यताअन्तर्गत रही निजी क्षेत्रबाट शिक्षण संस्था सञ्चालन गर्ने कुनै पनि निकाय वा त्यस्ता सञ्चालकले आफ्नो कर्तव्य र राज्यको दायित्वभित्रको विषय हो भन्ने कुरा व्यवहारतः स्थापित गरिनु पर्दछ। उच्च शिक्षा सम्बन्धमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू अन्य देशका विश्वविद्यालय वा देशभित्रकै विश्वविद्यालयहरूले निर्धारण गरेको मापदण्डको अधीनमा रही प्रभावकारी नियमन र व्यवस्थापन आवश्यक देखिन्छ। शैक्षिक परामर्श सेवा, कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था,

विदेशमा सञ्चालन हुने शिक्षण संस्थासम्बन्धी नीति, कानून, मापदण्ड,स्वीकृति, समकक्षता निर्धारण र नियमनको जिम्मेवारी प्रत्यर्थी शिक्षा मन्त्रालयलाई रहेको देखिन्छ। शिक्षाको अधिकारभित्र असल प्रतिष्ठा र अभ्यास भएको विश्वविद्यालयसँग सम्बन्धन गरी खोलिएका संस्थामा पहुँचसहित सहुलियत शुल्कमा वा छात्रवृत्तिमा पठनपाठन गर्न पाउने शिक्षासम्बन्धी अधिकारभित्र पर्ने विषय देखिन्छ। शैक्षिक पाठ्यक्रम, भौतिक संरचना, पाठ्यवस्तु मापदण्ड अनुसार छ छैन ? शिक्षण पद्दती विद्यार्थी मैत्री छ छैन ? सो कुरा हेर्नु राज्यको दायित्वभित्रकै विषय हो । निजी तथा सरकारी क्षेत्रमा पर्याप्त मात्रामा छात्रवृत्तिहरू उपलब्ध गराइएको अवस्था भए नभएको विषयसमेत नियमनअन्तर्गत नै पर्ने देखिन्छ। नेपालको संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली साथै निजी शैक्षिक संस्थाहरूको सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय असल अभ्यासको मर्मविपरीत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिकामा गरिएको संशोधन तथा कार्यान्वयन लाई तार्किक बनाउनु पनि बाञ्छनीय देखिन्छ । शिक्षासम्बन्धी ऐन, नियम र निर्देशिका बनाउने र संशोधन गर्ने कार्य कानूनअनुकूल नै गर्नुपर्ने हुन्छ । शिक्षण संस्थाहरूको नियमन व्यवस्था संशोधन गर्दा मौजुदा व्यवस्थाअनुरूप सञ्चालित शिक्षण संस्थाहरूको हक अधिकार तथा शिक्षाको हक र अधिकारको न्यूनतम मापदण्ड पूरा हुने गरी बनाइनुपर्दछ। तसर्थ, प्रभावकारी अनुगमन प्रक्रिया निर्धारण गर्न सूचना वा सुनुवाइको हकलगायतका विषय सुनिश्चित गर्नु र सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी त्यस्तो प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाउनु प्रत्यर्थी शिक्षा मन्त्रालयको कर्तव्यभित्रको विषय देखिन्छ । तसर्थ यस आदेशमा उल्लिखित मान्यताहरूसहितका आधारमा निजी शैक्षिक संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज ६ गते रोज ५ शुभम्।

## २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७७-WO-०७८०, उत्प्रेषण, राजकुमार सिंह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (८) को प्रतिबन्धात्मक वाक्यांशमा विदेशी शिक्षण संस्थासँग सम्बन्धन प्राप्त गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनीतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले सर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्ने देखिन्छ। त्यसरी विद्यालय खोल्नको लागि मन्त्रालयसमक्ष सिधै निवेदन दिन सकिने तथा दफा ३ को उपदफा (९) मा अनुमति वा स्वीकृति प्राप्त विद्यालयले सर्तबमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्ने एवं शिक्षा नियमावली, २०५९ को नियम १९२ मा मन्त्रालयले ऐन र नियमावलीको अधिनमा रही निर्देशिका बनाउन सक्ने व्यवस्थारहेको देखिन्छ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ को

दफा ८ को उपदफा (५) मा निरीक्षण तथा अनुगमन समितिले अनुमति नवीकरण गर्न सिफारिस गर्न सक्ने र यसरी प्राप्त सिफारिसका आधारमा मन्त्रालयले सम्बन्धित शिक्षण संस्थाहरूको स्वीकृत कार्यक्रमको पाँच वर्ष अवधिका लागि सञ्चालन अनुमति नवीकरण गर्न सक्ने तथा ऐ.ऐ.को उपदफा (९) मा निर्देशिकामा उल्लिखित सर्त पूरा नगरेमा, दफा ६बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमति रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमति रद्द गर्नुअघि सम्बन्धित शिक्षण संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरिएको देखिन्छ । प्रस्तुत मुद्दामा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।०१।२३ मा स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ मा गरिएको प्रावधानहरूमा मिति २०७२।४।३२ मा पहिलो संशोधन र मिति २०७४।५।८ मा दोस्रो संशोधन गरी उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले प्रतिमहिना प्रतिकार्यक्रम दश हजार रूपियाँ अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्तभित्रमा आवेदन गर्न सक्ने र सो अवधिभित्र नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज हुने प्रावधानहरू राखिएको र प्रत्यक्षरूपमा सम्बन्धित संस्थालाई शिक्षा नियमावलीको नियम १९२ बमोजिम सफाइको पूर्ण मौका नदिई दर्ता नवीकरण नगरी खारेज गर्ने कार्य त्रुटिपूर्ण देखिन्छ । निर्देशिका बनाउँदा कुन कानूनको अख्तियारी लिई उक्त निर्देशिका बनाइएको हो सोसमेत नखुलाई गरिएको मिति २०७६।०७।२२ मा गोरखापत्रमा प्रकाशित एकमुष्ट सूचना, प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।१०।२३ गते निवेदक कलेजको अनुमति स्वतः खारेज हुने बेहोराको निर्णय एवं मिति २०७६।१२।४ मा प्रकाशित सूचना र सो अनुसारको जानकारी पत्रलगायत कामकारबाहीहरू कानूनअनुकूल नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिम कलेज नवीकरण गरी कलेज सञ्चालन तथा पठनपाठन कार्य गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षासम्बन्धी हक र शिक्षासम्बन्धी निर्धारित नीति र अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियालाई सवलीकरण गर्नुपर्ने देखिन्छ । यस परिप्रेक्ष्यमा शिक्षा सार्वजनिक वस्तु (Public Good) हो र यसमा सामान्यतया नाफा (profit) भन्दा पनि सेवा प्रमुख तत्त्व हुन्छ भन्ने नेपालको संविधानको धारा ३१, धारा ५१(ज)(२) तथा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानूनका मान्यताअन्तर्गत रही निजी क्षेत्रबाट शिक्षण संस्था सञ्चालन गर्ने कुनै पनि निकाय वा त्यस्ता सञ्चालकले आफ्नो कर्तव्य र राज्यको दायित्वभित्रको विषय हो भन्ने कुरा व्यवहारतः स्थापित गरिनुपर्दछ । उच्च शिक्षा सम्बन्धमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू अन्य देशका विश्वविद्यालय वा देशभित्रकै विश्वविद्यालयहरूले निर्धारण गरेको मापदण्डको अधिनमा रही प्रभावकारी नियमन र व्यवस्थापन आवश्यक देखिन्छ। शैक्षिक परामर्श सेवा,

कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, विदेशमा सञ्चालन हुने शिक्षण संस्थासम्बन्धी नीति, कानून, मापदण्ड,स्वीकृति, समकक्षता निर्धारण र नियमनको जिम्मेवारी प्रत्यर्थी शिक्षा मन्त्रालयलाई रहेको देखिन्छ। शिक्षाको अधिकारभित्र असल प्रतिष्ठा र अभ्यास भएको विश्वविद्यालयसँग सम्बन्धन गरी खोलिएका संस्थामा पहुँचसहित सहुलियत शुल्कमा वा छात्रवृत्तिमा पठनपाठन गर्न पाउने शिक्षासम्बन्धी अधिकार भित्रपर्ने विषय देखिन्छ। शैक्षिक पाठ्यक्रम, भौतिक संरचना, पाठ्यवस्तु मापदण्ड अनुसार छ छैन ? शिक्षण पद्धति विद्यार्थी मैत्री छ छैन ? सो कुरा हेर्नु राज्यको दायित्वभित्रकै विषय हो । निजी तथा सरकारी क्षेत्रमा पर्याप्त मात्रामा छात्रवृत्तिहरू उपलब्ध गराइएको अवस्था भए नभएको विषयसमेत नियमनअन्तर्गत नै पर्ने देखिन्छ। नेपालको संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली साथै निजी शैक्षिक संस्थाहरूको सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय असल अभ्यासको मर्मविपरीत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिकामा गरिएको संशोधन तथा कार्यान्वयन लाई तार्किक बनाउनु पनि वाञ्छनीय देखिन्छ । शिक्षासम्बन्धी ऐन, नियम र निर्देशिका बनाउने र संशोधन गर्ने कार्य कानूनअनूकूल नै गर्नुपर्ने हुन्छ । शिक्षण संस्थाहरूको नियमन व्यवस्थासंशोधन गर्दा मौजुदा व्यवस्थाअनुरूप सञ्चालित शिक्षण संस्थाहरूको हक अधिकार तथा शिक्षाको हक र अधिकारको न्यूनतम मापदण्ड पूरा हुने गरी बनाइनु पर्दछ। तसर्थ, प्रभावकारी अनुगमन प्रक्रिया निर्धारण गर्न सूचना वा सुनुवाइको हकलगायतका विषय सुनिश्चित गर्नु र सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी त्यस्तो प्रभावकारी नियमन गर्ने व्यवस्थामिलाउनु प्रत्यर्थी शिक्षा मन्त्रालयको कर्तव्यभित्रको विषय देखिन्छ । तसर्थ यस आदेशमा उल्लिखित मान्यताहरूसहितका आधारमा निजी शैक्षिक संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज ६ गते रोज ५ शुभम्।

## २२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-WO-०७४८, उत्प्रेषण, राजकुमार सिंह वि. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (८) को प्रतिबन्धात्मक वाक्यांशमा विदेशी शिक्षण संस्थासँग सम्बन्धन प्राप्त गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनीतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले सर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्ने देखिन्छ। त्यसरी विद्यालय खोल्नको लागि मन्त्रालयसमक्ष सिधै निवेदन दिन सकिने तथा दफा ३ को उपदफा (९) मा अनुमति वा स्वीकृति प्राप्त विद्यालयले सर्तबमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्ने एवं शिक्षा नियमावली, २०५९ को नियम १९२ मा मन्त्रालयले ऐन र नियमावलीको अधीनमा रही निर्देशिका बनाउन सक्ने व्यवस्थारहेको देखिन्छ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च

शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ को दफा ८ को उपदफा (५) मा निरीक्षण तथा अनुगमन समितिले अनुमति नवीकरण गर्न सिफारिस गर्न सक्ने र यसरी प्राप्त सिफारिसका आधारमा मन्त्रालयले सम्बन्धित शिक्षण संस्थाहरूको स्वीकृत कार्यक्रमको पाँच वर्ष अवधिका लागि सञ्चालन अनुमति नवीकरण गर्न सक्ने तथा ऐ.ऐ.को उपदफा (९) मा निर्देशिकामा उल्लिखित सर्त पूरा नगरेमा, दफा ६बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमति रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमति रद्द गर्नुअघि सम्बन्धित शिक्षण संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरिएको देखिन्छ । प्रस्तुत मुद्दामा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।०१।२३ मा स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ मा गरिएको प्रावधानहरूमा मिति २०७२।४।३२ मा पहिलो संशोधन र मिति २०७४।५।८ मा दोस्रो संशोधन गरी उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजार रुपियाँ अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्तभित्रमा आवेदन गर्न सक्ने र सो अवधिभित्र नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज हुने प्रावधानहरू राखिएको र प्रत्यक्षरूपमा सम्बन्धित संस्थालाई शिक्षा नियमावलीको नियम १९२ बमोजिम सफाइको पूर्ण मौका नदिई दर्ता नवीकरण नगरी खारेज गर्ने कार्य त्रुटिपुर्ण देखिन्छ । निर्देशिका बनाउँदा कुन कानूनको अख्तियारी लिई उक्त निर्देशिका बनाइएको हो सोसमेत नखुलाई गरिएको मिति २०७६।०७।२२ मा गोरखापत्रमा प्रकाशित एकमुष्ट सूचना, प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।१०।२३ गते निवेदक कलेजको अनुमति स्वतः खारेज हुने बेहोराको निर्णय र सो अनुसारको जानकारी पत्रलगायत कामकारबाहीहरू कानून अनुकूल नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिम कलेज नवीकरण गरी कलेज सञ्चालन तथा पठनपाठन कार्य गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षासम्बन्धी हक र शिक्षासम्बन्धी निर्धारित नीति र अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियालाई सवलीकरण गर्नुपर्ने देखिन्छ । यस परिप्रेक्ष्यमा शिक्षा सार्वजनिक वस्तु (Public Good) हो र यसमा सामान्यतया नाफा (profit) भन्दा पनि सेवा प्रमुख तत्त्व हुन्छ भन्ने नेपालको संविधानको धारा ३१, धारा ५१(ज)(२) तथा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानूनका मान्यताअन्तर्गत रही निजी क्षेत्रबाट शिक्षण संस्था सञ्चालन गर्ने कुनै पनि निकाय वा त्यस्ता सञ्चालकले आफ्नो कर्तव्य र राज्यको दायित्वभित्रको विषय हो भन्ने कुरा व्यवहारतः स्थापित गरिनुपर्दछ । उच्च शिक्षा सम्बन्धमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू अन्य देशका विश्वविद्यालय वा देशभित्रकै विश्वविद्यालयहरूले निर्धारण गरेको मापदण्डको अधीनमा रही प्रभावकारी नियमन र व्यवस्थापन आवश्यक देखिन्छ। शैक्षिक परामर्श सेवा,

कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, विदेशमा सञ्चालन हुने शिक्षण संस्थासम्बन्धी नीति, कानून, मापदण्ड,स्वीकृति, समकक्षता निर्धारण र नियमनको जिम्मेवारी प्रत्यर्थी शिक्षा मन्त्रालयलाई रहेको देखिन्छ। शिक्षाको अधिकारभित्र असल प्रतिष्ठा र अभ्यास भएको विश्वविद्यालयसँग सम्बन्धन गरी खोलिएका संस्थामा पहुँचसहित सहुलियत शुल्कमा वा छात्रवृत्तिमा पठनपाठन गर्न पाउने शिक्षासम्बन्धी अधिकारभित्र पर्ने विषय देखिन्छ। शैक्षिक पाठ्यक्रम, भौतिक संरचना, पाठ्यवस्तु मापदण्ड अनुसार छ छैन ? शिक्षण पद्धति विद्यार्थी मैत्री छ छैन ? सो कुरा हेर्नु राज्यको दायित्वभित्रकै विषय हो । निजी तथा सरकारी क्षेत्रमा पर्याप्त मात्रामा छात्रवृत्तिहरू उपलब्ध गराइएको अवस्था भए नभएको विषयसमेत नियमनअन्तर्गत नै पर्ने देखिन्छ। नेपालको संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली साथै निजी शैक्षिक संस्थाहरूको सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय असल अभ्यासको मर्मविपरीत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिकामा गरिएको संशोधन तथा कार्यान्वयन लाई तार्किक बनाउनु पनि वाञ्छनीय देखिन्छ । शिक्षासम्बन्धी ऐन, नियम र निर्देशिका बनाउने र संशोधन गर्ने कार्य कानूनअनूकूल नै गर्नुपर्ने हुन्छ । शिक्षण संस्थाहरूको नियमन व्यवस्थासंशोधन गर्दा मौजुदा व्यवस्थाअनुरूप सञ्चालित शिक्षण संस्थाहरूको हक अधिकार तथा शिक्षाको हक र अधिकारको न्यूनतम मापदण्ड पूरा हुने गरी बनाइनु पर्दछ। तसर्थ, प्रभावकारी अनुगमन प्रक्रिया निर्धारण गर्न सूचना वा सुनुवाइको हकलगायतका विषय सुनिश्चित् गर्नु र सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी त्यस्तो प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाउनु प्रत्यर्थी शिक्षा मन्त्रालयको कर्तव्यभित्रको विषय देखिन्छ । तसर्थ यस आदेशमा उल्लिखित मान्यताहरूसहितका आधारमा निजी शैक्षिक संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य, लक्ष्मी राना

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज ६ गते रोज ५ शुभम्।

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-CI-०४८२, ०७४-CI-०४८४, जग्गा दर्ता, यमजीत प्रताप ज.ब.रा. वि. हिमालय इन्टरप्राइजेज प्रा.लि., गोपालशम्सेर ज.ब.रा.समेत वि. हिमालय इन्टरप्राइजेज प्रा.लि.*

साबिक कि.नं. ४३ बदर (कित्ताकाट) भई कायम भएको कि.नं. १६४, १६५, १६६, १६७ र १६८ का कित्ता जग्गा हिमालयन इन्टरप्राइजेज प्रा.लि.को नाममा दर्ता गरिदिने र कि.नं. १६९ को जग्गा नेपाल सरकारको नाममा सार्वजनिक वाटो कायम गर्ने गरी मालपोत कार्यालय ललितपुरबाट मिति २०६७/९/२९ मा भएको निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/११/२५ को फैसला मनासिब देखिन आयो।

अत: पुनरावेदकहरूले दाबी गरे अनुसारको साबिक कि.नं. ४३ को जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत कार्यालय ललितपुरले मिति २०६७/९/२९ मा गरेको निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/११/२५ को फैसला मनासिब

देखिएको हुँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CI-१४५९, ०७२-CI-१५२१, अंशदर्ता, रसिद पमरिया वि. हविव पमरियासमेत, इब्राहिम पमरियासमेत वि. रसिद पमरिया*

मूल पुर्खा बकस पमरियाको दुई छोराहरूमा जेठा स्व. सहेदी र कान्छा स्व. सहबुद पमरिया भएको; जेठा सहेदीका ३ छोराहरूमा प्रतिवादीहरू इब्राहिम, मो.हविव र फूल महमद पमरिया भएको; सहवुद पमरियाको पत्नी वादी सकिना पमरिया हुन् भन्नेसमेत का नाता सम्बन्धको कुरामा कुनै विवाद देखिएन । वादी सकिना र प्रतिवादीहरू काकी भतिजा नाताका मानिसहरू हुन् भन्ने तथ्य स्थापित भएको देखिन्छ। वादी प्रतिवादीहरूका बिच विधिवत् रूपमा पहिले नै अंशबन्डा भइसकेको देखिने कुनै भरपर्दो र विश्वसनीय प्रमाण पेस हुन आएको देखिदैन। इब्राहिम पमरियासँग घर खर्च र बन्द-व्यापार गर्नलाई भनी वादी पक्षले २०५१ सालमा तमसुक लिखत गरी रू. ८,०००।- कर्जा लिएको भनी प्रतिवादी पक्षले अंशबन्डा भएको प्रमाण भनी उल्लेख गरेको भए पनि केवल सोही घरसारको तमसुकलाई अंशबन्डा भएको देखिने कानूनबमोजिमको निश्चयात्मक प्रमाण मान्न मिल्ने देखिँदैन । व्यवहार प्रमाणबाट पहिले नै अंशबन्डा भएको र भागशान्ति सम्पत्ति छुट्टाई अलग-अलग भोग व्यवहार गरेको देखिने अन्य कुनै पनि प्रमाण पेस हुन आएको पाइएन। यस अवस्थामा वादी प्रतिवादीबिच पहिले नै कानूनबमोजिम अंश छुट्टिई अलग बसेको भनी सम्झन मिलेन। तसर्थ वादीले प्रतिवादीहरूबाट दुई भागको एक भाग अंश छुट्याइलिन पाउने नै देखिन आयो।

अव अंश बन्डा लगाउनु पर्ने सम्पत्तिका सम्बन्धमा विचार गर्दा वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएका दर्ता स्रेस्ता भिडेसम्मका सम्पत्तिबाट २ भागको १ भाग वादीले अंश छुट्याइलिन पाउने भनी सुरू सप्तरी जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। तर पुनरावेदन अदालतले फाँटवारीमा खुलाइएको सम्पत्तिमध्ये केही सम्पत्ति बन्डा नलाग्ने भनी फैसला गरेको पाइयो । तायदाती फाँटबारीमा उल्लेख भए अनुसारका वादी प्रतिवादीको बसोबास रहेको भनिएको घरसहितका कि.नं. ६३४, ३५४, ३२, १२२, ८३, ६३२, ३६४, १०९, ३५७, ६३३समेतका कूल १० कित्ता जग्गा सगोल परिवारमा रहँदाको अवस्थामा आर्जन गरिएको सम्पत्ति हो भन्ने देखिन्छ। उल्लिखित सम्पत्ति कुनै अंशियारले निजी तबरबाट आर्जन गरेको देखिने कुनै भरपर्दो प्रमाण पेस हुन आएको देखिदैन। यस प्रकारको सम्पत्तिलाई प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सबै अंशियारको बराबर अंश हक लाग्ने सगोलको सम्पत्ति भनी अनुमान गर्नुपर्ने हुन्छ। यसरी अदालतले गर्ने अनुमानको कुरालाई प्रतिबादी पक्षले प्रमाणद्वारा खण्डन गर्न सकेको नदेखिएको हुँदा तायदाती पाँटवारीमा उल्लेख भए अनुसारको सबै सम्पत्तिबाट दुई भागको एक भाग (आधा भाग) अंश बादीले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने देखियो।

अत: सुरू जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१/१०/२७ को फैसला

केही उल्टी हुन्छ र तायदाती फाँटवारीमा उल्लेख भए अनुसारको प्रतिवादीहरू मो.हविवका नाउँमा रहेको कि.नं. ६३४ को जग्गा, फूल मोहम्मदका नाउँमा रहेको कि.नं. ३५४, ३२, १२२, ८३, ६३२ को जग्गा तथा इब्राहिमका नाउमा दर्ता रहेको कि.नं. ३६४, १०९, ३५७, ६३३ का जग्गासमेत कूल १० कित्ता जग्गा र सोमा रहेको घरसमेतबाट २ भागको १ भाग (आधा भाग) सम्पत्ति वादीले अंशबापत छुट्याइलिन पाउने।

इजलास अधिकृत : उषा गिरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७८ साल फाल्गुण ३ गते रोज ३ शुभम्।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-१३५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. माइला भन्ने कृष्णबहादुर तामाङसमेत*

प्रतिवादी फट्यांग्रे चमेरे भन्ने भुपेन्द्र गिरीको मृतक धनबहादुर गुरूङलाई मार्नेसम्मको इवी नरहेको, चोर चोर गुहार भन्ने हल्लाखल्ला हुँदा गाउँ छिमेकीहरू भेला जम्मा भएको देखी भाग्ने क्रममा आफ्नो अगाडि आएका मृतक धनबहादुर गुरूङलाई आफ्ना साथमा रहेको काठले एक पटक हानेको चोटको कारण मृतकको मृत्यु भएको देखिँदा प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने भई प्रतिवादी भूपेन्द्र गिरीलाई ज्यानसम्बन्धीको १४ नं. को कसुरमा ऐ.१४ नं.बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरेको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न मिलेन।

अर्का प्रतिवादी माइला भन्ने कृष्णबहादुर तामाङको हकमा विचार गर्दा, प्रतिवादी माइला भन्ने कृष्णबहादुर तामाङले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा कसुरमा आफ्नो कुनै संलग्नता नभएको भनी इन्कारी बयान गरेको पाइन्छ भने प्रतिवादी फट्यांग्रे चमेरे भन्ने भुपेन्द्र गिरीले पनि अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा वारदातमा यी प्रतिवादी कृष्णबहादुरको संलग्नता रहेको थियो भनी बेहोरा लेखाएको देखिँदैन। मौकामा कागज गर्ने मानिसहरूले वारदातमा यी प्रतिवादीको पनि उपस्थिती थियो भनी किटानीसाथ भन्न नसकी चोरहरूले धनबहादुरलाई कुटेको भनेपछि सुनी थाहा पाएको हौँ भनी बेहोरा लेखाएको पाइन्छ । साथै, यी प्रतिवादीले यो, यस रीतसँग घटना घटाउन सहयोग गरेका हुन् भनी यकिन गरी लेखाउन सकेको पनि देखिँदैन । प्रतिवादी कृष्णबहादुर तामाङले अदालतसमक्ष बयान गर्दा वारदातका दिन दिनभर रिक्सा चलाई साँझ घर आई राति आफ्नै घरमा सुतेको, प्रतिवादी भुपेन्द्र गिरी र म एउटै ग्यारेजको रिक्सा चलाउने भएकाले शंका गरी मलाइसमेत पक्राउ गरेको भनी कसुरमा इन्कारी बयान गरेको पाइन्छ । मौकामा कागज गर्ने प्रत्यक्षदर्शी पुष्पप्रसाद सिग्देलले दुई जना मानिसले म सुतेको काउन्टरको झ्यालमा काठको कडिले प्रहार गरेको हो भनी लेखाएको तर यिनै प्रतिवादी हुन् भनी यकिनसाथ भन्न सकेको देखिँदैन। यी प्रतिवादी वारदात स्थलमा रहे भएको तथ्य यकिन रूपमा शङ्कारहित पुष्टि हुने ठोस सबुद प्रमाण वादी पक्षबाट पेस हुन नसकेको अवस्थामा केबल शंकाको भरमा मात्र निजलाई कसुरदार मान्न मिल्ने अवस्था देखिएन । उल्लिखित सन्दर्भमा प्रतिवादी माइला भन्ने कृष्णबहादुर तामाङको हकमा भएको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न सकिने भएन।

तसर्थ, माथि उल्लिखित आधार कारणसमेतबाट प्रतिवादी फट्यांग्रे चमेरे भन्ने भुपेन्द्र गिरीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १,१३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी तथा अर्का प्रतिवादी कृष्णवहादुर तामाङलाई सफाइ दिने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७४/२/३० को फैसला केही उल्टी गरी प्रतिवादी भुपेन्द्र गिरीको हकमा ऐ. ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम कैद वर्ष १०(दश) हुने ठहऱ्याएको तथा अर्का प्रतिवादी माइला भन्ने कृष्णबहादुर तामाङलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।३।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत २२ गते रोज ४ शुभम्।

## २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-RC-००९२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रमेश भन्ने बमबहादुर राई*

प्रतिवादीले मृतक श्रीमतीलाई यत्रतत्र कुटपिट गर्नुका साथै योनी तथा मलद्वारमा लट्ठीले घोचे रोपेको देखिन्छ । कुटपिटपश्चात् प्रतिवादीले मृतक श्रीमतीलाई उपचार गर्नसमेत लगेको देखिदैन। सो तथ्यलाई स्वयम प्रतिवादीलेसमेत स्वीकार गरेका छन् । प्रतिवादीले उपरोक्तानुसारको अमानवीय र क्रूर कार्य गरी आफ्नो श्रीमतीलाई मारेको मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि भएको देखिन्छ। मृतकउपर प्रतिवादीको उक्त कार्य क्षमायोग्य देखिदैन। यस्तो प्रकृतिको अमानवीय एवं क्रूर अपराध गर्ने कसुरदारलाई उपल्लो हदसम्मकै सजाय गरिनुपर्ने न्यायिक र दण्ड सजायसम्बन्धी स्थापित अवधारणा अनुसार प्रतिवादीलाई जन्म कैद (पच्चिस वर्ष) को सजाय हुने ठहरी भएको उच्च अदालत विराटनगरको फैसला मनासिब रहेको देखिन्छ।

तसर्थ, माथि उल्लिखित आधार, कारण र तथ्यसमेतबाट प्रतिवादीलाई जन्मकैद (पच्चिस वर्ष) को सजाय हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७८।४।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम्।

## २७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-RC-००९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. दलबहादुर राई*

प्रतिवादीले प्रयोग गरेको हतियार र प्रहार गरेको चोटबाट मृतक मर्न सक्ने परिणामको जानकारी रहेको भन्ने चोटको प्रकृतिबाट देखिन्छ। प्रतिवादीले जोखिमी हतियारले प्रहार गर्दा मृतकको बायाँ ढाडमा ५ इन्च गहिराइको चोट पुग्न गई मृतकको तत्काल मृत्यु भएको देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) अनुसार प्रतिवादीले मृतकलाई मार्नेसम्मको कार्य गरेको देखियो । प्रतिवादी दलबहादुर राईलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) को कसुरमा सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू अदालतको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) ले सर्वस्व गर्न नमिल्ने भनी प्रतिवादीलाई जन्म कैदको सजाय मात्र हुने ठहर गरेको उच्च अदालत विराटनगरको

फैसलालाई परिवर्तित कानूनका सन्दर्भमा अन्यथा भन्न मिलेन।

सुरू उदयपुर जिल्ला अदालतबाट प्रतिवादीलाई ठहर भएको उल्लिखित सजाय चर्को पर्ने भनी मुलुकी ऐन, अ.वं. १८८ नं.बमोजिम ८(आठ) वर्ष कैद गर्ने फैसला सदर गर्ने गरी भएको उच्च अदालत विराटनगरको रायका सन्दर्भमा हेर्दा, प्रतिवादीले आफ्नो छोरा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी भएको नदेखिएको, मृतक छोराले मादक पदार्थ खाइ हिँड्ने तथा प्रतिवादीलाई गाली गलौज गर्ने गरेको र वारदात भएको समयमा समेत पैसा माग्न विभिन्न गाली गलौज गरेको, मृतकको आफ्नै बाबुलाई ए दले आज कि तँ छैन कि म छैन भनी झगडा गर्न आएको अवस्थामा प्रतिवादीले छुरी प्रहार गर्दा मृतकको मृत्यु तत्कालै भई प्रतिवादी मृतक छोरालाई रूँगेर(पर्खी बसेको) बसी रहेको अवस्थामा अन्य मानिस आई पक्राउ परेको अवस्था देखिन्छ। प्रतिवादीले आफूले गरेको कसुर लुकाउने भाग्नेसम्मको कार्य नगरी अनुसन्धान र न्यायिक प्रक्रियामासमेत सघाउ नै पुऱ्याएको देखिन्छ । उल्लिखित वारदातको समग्र प्रकृति र परिस्थिति तथा मृतकलाई प्रतिवादीले मार्नुपर्नेसम्मको पूर्वरिसइवीसमेत नदेखिएको स्थितिमा प्रतिवादीलाई जन्म कैदको सजाय गर्दा चर्को पर्ने भनी उदयपुर जिल्ला अदालतबाट ८(आठ) वर्ष कैद सजाय हुने भनी पेस भएको राय सदर गर्ने गरी भएको उच्च अदालत विराटनगरको फैसला मिलेकै देखियो।

तसर्थ, माथि उल्लिखित आधार, कारणबाट प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७८।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै मुलुकी ऐन, अ.वं. १८८ नं. तथा फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क.बमोजिम साधक जाँचको रोहमा ८(आठ) वर्ष कैद सजाय गर्ने गरी भएको उच्च अदालत विराटनगरको रायसमेत सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम्।

## २८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७२-CI-०९६१, खिचोला मेटाई हक कायम, रामचन्द्र मारीखु वि. पञ्चलक्ष्मी प्रजापति*

नापनक्सा मुचुल्कामा न.नं. ७ को जग्गा वादीको घरले चर्केको तथा निजको भोगमा रहेको विवादित ट्वाइलेट र न.नं. ८ को जग्गा वादीको भोगमा रहेको निजको घरले चर्केको विवादित घर भनी जनाइएको पाइन्छ। उक्त न.नं. ७ र ८ हाल वादीको भोगमा रहेको निजको घरको अभिन्न अङ्गको रूपमा रहेको देखिनुका साथै सोलाई प्रतिवादीले आफ्नो न.नं. १९ (कि.नं. २०२) को जग्गाको बाटो निकासको जग्गा भनी जिकिर लिएको देखिन्छ। न.नं. ७ र ८ को जग्गा सोदेखि पश्चिमपट्टि साँधमै रहेको न.नं. ११ (कि.नं. ४२७) र न.नं. १२ (कि.नं. ८५५) को जग्गाको समानान्तर रूपमा उत्तर-दक्षिण फैलिएर रहेको करिब ४ फिट चौडाइको लाम्चो आकारको जग्गा रहेको देखिन्छ। तर सर्भेको नापीनक्साको आकार र प्रकृति तथा सुरू अदालतबाट भैआएको नक्सा मुचुल्काको आकार र प्रकृतिबाट वादीको घरले चर्केको देखिएको न.नं. ७ र ८ को जग्गा वादीकै हकभोगमा रहेको कि.नं. ८५३ भित्रकै जग्गा रहेको भन्ने स्पष्ट छ। सर्भे नापीको नक्सामा रहेको अरनिको राजमार्गदेखि प्रतिवादीको

नामदर्ताको कि.नं. २०२ सम्म जाने-आउने बाटोको रूपमा राखिएको भनिएको कि.नं. ४२२, ८५५ र ८५४ का जग्गाहरू पूर्ववत् रूपमा यथावतै रहेको बेहोरा मिति २०६७।१।१२ मा भइआएको उक्त नक्सा मुचुल्काबाट देखिइरहेको स्थितिमा उक्त बाटो हुँदा हुँदै वादीको कि.नं. ८५३ ले चर्ची वादीको परदाता जगतवीर र शुवासचन्द्र सिल्पकारकै पालामा भक्तपुर नगरपालिकाबाट मिति २०४०/९/१७ मा नक्सा पास गरी पक्की ४ तल्ले घर निर्माण गरी सोही बखतदेखि भोगी आई तह-तह हक हस्तान्तरण हुँदै दाता न्हुछे प्रजापतिबाट र.नं. २५८२ मिति २०५९/८/२९ को पारित राजीनामाबाट वादीले खरिद गरी भोगचलन गरी आएको उक्त कि.नं. ८५३ को घरजग्गाभित्रको न.नं. ७ र ८ को घरजग्गालाई वादीको हकको होइन भन्न मिल्ने देखिएन।

वादीको नाम दर्ताको कि.नं. ८५३ को क्षेत्रफल जग्गाधनी दर्ता प्रमाण पूर्जामा रो. ०-२-१ रहेको देखिन्छ भने मिति २०६७/१/१२ मा भइआएको नापनक्सा मुचुल्काबाट न.नं. ४, ५, ६, ७ र ८ को जम्मा क्षेत्रफल रो.०-२-३ रहेको देखिन्छ। साँधका अन्य कित्ताहरूको जग्गा नमिचेको अवस्थामा सम्बन्धित कित्ताको जग्गा नापजाँच गर्दा नरबढी वा नरघटी जे भएमा पनि सोही कित्ता अन्तर्गतकै जग्गा मानिने भन्ने न्यायिक सिद्धान्त यस अदालतबाट मानीआएको परिप्रेक्ष्यमा वादीको हकभोगको उक्त कि.नं. ८५३ ले चर्चेको जग्गाको क्षेत्रफल रो. ०-२-३ भएकोमा अस्वाभाविक मान्नुपर्ने देखिँदैन । यस स्थितिमा वादीको नामको जग्गाधनी दर्ता स्रेस्तामा उल्लेख भएभन्दा बढी जग्गा वादीले भोग्न पाउँदैन भन्ने बेहोराको पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिएन। मिति २०६७/१/१२ मा भइआएको नापनक्सा मुचुल्कामा उल्लिखित न.नं. ४, ५, ६, ७ र ८ को जम्मा क्षेत्रफल रो. ०-२-३ जग्गा वादीको नामदर्ताको कि.नं. ८५३ भित्रकै जग्गा रहेको मान्नुपर्ने हुन आयो।

मिति २०६७/१/१२ मा भएको नापनक्सा मुचुल्का अनुसारको न.नं. ११ कि.नं. ४२७ तथा न.नं. १२ र १३ कि.नं. ४२२ (हालको कि.नं. ८५५ र ८५४) को जग्गा बाटोको रूपमा रहेको देखिन्छ । प्रतिवादी रामचन्द्र मारीखुको कि.नं. २०२ (न.नं. १९) को निकासका लागि न.नं. ११, १२ र १३ मा बाटो रहेकै देखिन्छ। लगाउको हक कायम मुद्दा सुरू अदालतमा कारबाहीयुक्त अवस्थामा हुँदाका बखत नापी कार्यालय भक्तपुरबाट मिति २०६६/१०/२४ मा प्रमाणित गरी पठाएको नक्सा ट्रेस उत्तारबाट प्रतिवादीको कि.नं. २०२ तथा वादीको कि.नं. ८५३समेत दुवै जग्गाको पश्चिमतर्फ कि.नं. ४२७ तथा कि.नं. ४२२ (कि.नं. ८५५ र कि.नं. ८५४) मा समानान्तर आकार र आकृतिको बाटो प्रयोगमा रहेको देखिन्छ। पुनरावेदन अदालतको फैसलाको कारणबाट पुनरावेदक प्रतिवादी रामचन्द्र मारीखुको हक अधिकारमा कुनै तवरबाट असर परेको देखिँदैन । अत: मिति २०६७/१/१२ मा भएको नापनक्सा मुचुल्काको न.नं. ७ र ८ को जग्गामा वादीको हक कायम हुन नसक्ने ठहराएको हदसम्म सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६७/३/९ को फैसला केही उल्टी गरी विवादित न.नं. ७ र ८ को जग्गामा वादीको साबिकदेखिको हक कायमै रहने ठहऱ्याई गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/१२/१ फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०४२०, डाँका चोरी, नेपाल सरकार वि. प्रकाश पुन भन्ने प्रकाश सुनुवार राईसमेत*

जाहेरी दरखास्तमा प्रतिवादीहरूले डाका गरेको भनि उल्लेख गरेका धनमालहरूमध्ये प्रतिवादी विजय भन्ने मिक्मार गोलेको डेराकोठाबाट रू.३०००/- पर्ने एक जोर जुत्ता बरामद भएको देखिन्छ । जाहेरी दरखास्तमा नगद रू.११,५००/- समेत डाका गरी लगेका हुन् भनी उल्लेख भएको र प्रतिवादीहरूले मौकामा बयान गर्दा उक्त रकम मासी खर्च गरिसकेको भनी उक्त रकम डाका गरेको तथ्यमा स्वीकार गरेको देखिन्छ । जाहेरीमा उल्लेख भएका अन्य नगद तथा धनमाल प्रतिवादीहरूबाट बरामद भएको देखिँदैन । खाई मासिसकेको नगद रू.११,५००।- तथा एक जोर जुत्ताको हदसम्म बिगो कायम गरी फैसला भएको अवस्था देखिन्छ । सुन चाँदीको बिगोको हकमा सो सुन चाँदी गहना हेटौंडामा बिक्री गरेको भनी प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दासम्म खुलाएको देखिन्छ । वादी नेपाल सरकारले सो सुन चाँदी गहना कहाँ कसलाई बिक्री गरेको हो भन्ने कुनै आधार प्रमाण देखाउन सकेको पाइँदैन ।वादी दाबीबमोजिम रू. २,५३,१००।– बिगो कायम हुने धनमाल वस्तु प्रतिवादीहरूले डाका गरी लगेको भन्ने बादी नेपाल सरकारले अभियोग दाबीलाई प्रमाणित गर्ने वस्तुनिष्ठ र तथ्ययुक्त प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा दाबीबमोजिमको पूरै बिगो कायम गरी प्रतिवादीहरूलाई सजाय गर्न मनासिब नदेखिँदा बरामद भएको जुत्ता र खाइमासेको नगदसम्मको बिगो कायम गरी सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न मिलेन ।

अतः माथि विवेचित आधार, कारणसमेतबाट सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।१२।१० को फैसला केही उल्टी भई प्रतिवादीहरूबाट बरामद भएको रू. ३,०००।– पर्ने जुत्ता र जाहेरीमा उल्लिखित खाई मासेको नगद रू ११,५००।– समेत जम्मा बिगो रू १४,५००।– प्रतिवादीहरूले दोस्रो पटक डाँका गरेको ठहर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी उच्च अदालत पाटनबाट मिति २०७४।०५।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नवराज कार्की

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम् ।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-०३५९, वैदेशिक रोजगार, नेपाल सरकार वि. शक्ति भण्डारीसमेत*

जाहेरवालाका आफन्तहरूलाई वैदेशिक रोजगारका लागि दिल्ली हुँदे टर्की पुऱ्याइ केही समय प्रतिवादी प्रदिप चिण्डालले आफ्नै कोठामा राखेर निज प्रतिवादी फरार भएको र नेपालबाट आफन्तहरूसँग खर्च मगाई नेपाल आएकोले सो खर्चसमेत दाबीबमोजिमको पूरै रकम प्रतिवादीहरूबाट भराइपाउँ भनी पुनरावेदन जिकिर लिएको सम्बन्धमा हेर्दा, प्रतिवादीहरूले दिल्ली हुँदै इस्तनाबुल पुऱ्याएकोमा अलपत्र परी आफ्नै खर्चमा नेपाल फर्किएका हौँ भनी पीडित सुरेन्द्र तामाङसमेत ले बकपत्र गरे पनि पीडितहरू बसन्त बोहरा, सुरेन्द्र तामाङ र शिशिर खत्री दिल्ली हुँदै टर्कीसम्म पुगेको

भन्ने हवाई टिकट प्रवेशाज्ञालगायतका कागजातहरू पेस भएको पाइएन। बादी नेपाल सरकारले पीडितहरू बिदेश पुगेको देखिने कागजात पेस गरी प्रमाणको भार पुऱ्याउन नसकि पीडितहरू विदेश पुगेको र बिदेशबाट नेपाल आएको भन्ने हवाइ टिकट,पासपोर्ट वा अन्य केही कागजातबाट पनि तथ्यगत प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा पीडितहरू बिदेश टर्कीबाट नेपाल आउँदा लागेको खर्चसमेत प्रतिवादीहरूबाट भराउन मिल्ने मनासिब देखिन आएन।

तसर्थ, तथ्यगत प्रमाणको अभावमा पीडितहरू विदेश गइसकेको मान्न मिल्ने देखिएन । प्रतिवादीहरूले बैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिमको कसुर गरेको देखिँदा ऐ.ऐनको दफा ४३बमोजिम जनही १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने, अभियोग मागदाबीबमोजिम पीडितहरूले बिगो र पचास प्रतिशत हर्जाना रकम प्रतिवादीहरूबाट भराइपाउने ठहर्छ भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।११।२४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : नवराज कार्की

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-०३३०, वैदेशिक रोजगार, नेपाल सरकार वि. प्रदिप चिण्डालसमेत*

जाहेरवालाले पेस गरेको मिति २०७१।०५।२८ को कागज करकापमा गरी जबरजस्ती गराएको हो भनी प्रतिवादीहरूले जिकिर लिएको भए पनि सो कागजउपर नालिश गरी बदर गराउन सकेको नपाइँदा उक्त लिखत कागजको वैधता कायमै रहेको पाइयो । जाहेरवाला रविन पाण्डेले जाहेरी बेहोरालाई पुष्टि हुने गरी बकपत्र गर्नुको साथै लिखत कागजका साक्षी कल्पना खड्का भन्ने चित्रकुमारी मल्लले प्रतिवादीहरूले जाहेरवाला रविन पाण्डेलाई विदेश टर्कीमा वैदेशिक रोजगारमा पठाइदिने सर्तमा रू. ८,००,०००।- बुझिलिई लिखत कागज राजीखुसीले गरिदिएका हुन भनी अनुसन्धानको क्रममा र न्यायाधिकरणसमक्ष अभियोग दाबीलाई समर्थन हुने गरी कागज तथा बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादीहरू प्रदिप चिण्डाल र शक्ति भन्डारीले बिना इजाजत जाहेरवाला रविन पाण्डेलाई वैदेशिक रोजगारमा टर्की मुलुकमा पठाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी जाहेरवालाबाट रकम लिई वैदेशिक रोजगारमा भनेबमोजिमको मुलुकमा नपठाएको र जाहेरवालाको रकमसमेत फिर्ता नगरेको अवस्था देखिन्छ । जाहेरवालालाई निज प्रतिवादीहरूले टर्की पठाएको भन्ने स्थापित हुने हवाई टिकट वा भिसा पासपोर्ट वा अन्य कागजातबाट स्थापित गर्न सकेको पाइँदैन। यस्तो स्थितिमा वैदेशिक रोजगारको कसुर ठहर गरी प्रतिवादीहरूलाई जनही १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवानासमेत हुने गरी भएको फैसलालाई अन्यथा भन्न मिलेन।

तसर्थ, माथि उल्लिखित आधार कारणबाट प्रतिवादीहरू प्रदिप चिण्डाल र शक्ती भण्डारीले अभियोग माग दाबीबमोजिम कसुर गरेको देखिएकोले निजहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जनही १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने र लिखतबमोजिमको रकम र हर्जानासमेत जम्मा रू.१२,००,०००।- प्रतिवादीहरूबाट जाहेरवालाले

दामासाहीले भराइपाउने ठहर्छ भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।११।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नवराज कार्की

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०८०-WH-०००१, बन्दीप्रत्यक्षीकरण, रिता ढकाल वि. जिल्ला प्रहरी परिसर टेकु काठमाडौंसमेत*

जाहेरवालाले नै निज निवेदिकाको वतन काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१५ ठुलोभऱ्या बस्ने रिता ढकाल" भनी जाहेरी दरखास्तमा उल्लेख गरेको, निजको स्थायी वतनमा म्याद तामेल भएकोमा निजको सो ठाउँमा बसोबास नै नभएको, स्थायी बसोबास भएको घर २०७२ सालमा भूकम्पले ध्वस्त भएको भन्ने समर्थन गर्ने कागजात पेस भएकोसमेतका आधार कारणबाट निवेदिका विरूद्ध परेको उजुरी र सोमा भएको अनुसन्धान तथा निज विरूद्ध भएको फैसलामा निज निवेदकले तामेल भएको म्याद पाई आफूउपरको अभियोगको स्वच्छ सुनुवाइ हुन सकेको भन्ने अवस्था नदेखिँदा उच्च अदालत पाटनबाट मिति २०७९।११।१९ मा भएको फैसला उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब निज प्रतिवादी रिता ढकाललाई सम्बन्धित कारागारबाट झिकाई निजको बयान गराउने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जे जो काम कारबाही गर्नुपर्छ गरी पुनः मुद्दा किनारा गर्नु भनी प्रत्यर्थीको नाममा परमादेश जारी गरिएको छ। यसरी जारी भएको परमादेशको परिणामस्वरूप निवेदकले कानूनबमोजिमको उपचार प्राप्त गर्ने भएकोले वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल साउन १७ गते रोज ४ शुभम्।

**३३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WH-००३४, बन्दीप्रत्यक्षीकरण, नवलकिशोर साह वि. बाग्लुङ जिल्ला अदालतसमेत*

रिट निवेदकले निजलाई मिति २०७८।१२।१५ गतेको बाग्लुङ जिल्ला अदालतको आदेशले पुर्पक्षको निमित्त बालसुधार गृहमा राख्ने गरी भएको आदेश नमिलेको भनी बन्दी प्रत्यक्षीकरणको आदेशले मुक्त गरिनुपर्दछ भनी निवेदन जिकिर लिई यस अदालतमा प्रवेश गरेको देखिन्छ । प्रत्यर्थी बागलुङ जिल्ला अदालतको लिखित जवाफ हेर्दा निज निवेदकलाई पुर्पक्षको निमित्त बालसुधार गृहमा राखिएको होइन। आदेशानुसार तोकिएको तारेखका दिन उपस्थित गराउने सर्तमा निजलाई निजको हजुरआमाको जिम्मा लगाईएको भनी लिखित जवाफ पेस गरेको र मिसिल संलग्न बाग्लुङ जिल्ला अदालतको मिति २०७८।१२।१५ को आदेश हेर्दा निवेदक परिवर्तित नाम ०७८/०७९-४५(K) लाई अभिभावकको जिम्मा लगाउने गरी आदेश भएको र तदनुरूप यी निवेदकलाई निजको हजुरआमा देउरूपा चर्माकारको जिम्मा लगाएको पाइयो । बाल सुधार गृहमा राख्ने गरी आदेश भएको भन्ने निवेदकको कथन नै तथ्यपरक देखिन आएन । तसर्थः गलत तथ्यमा आधारित भई दायर भएको प्रस्तुत निवेदनमा मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था

विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

## ३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WH-००३२, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नामथर ०७८/०७९-४५(J) वि. बाग्लुङ जिल्ला अदालतसमेत*

निवेदकमध्येको परिवर्तित नाम ०७८/०७९-४५(J) को हकमा विचार गर्दा निजको उमेर १६ वर्ष मुनि रहेको देखिन्छ। निजउपर जघन्य वा गम्भीर कसुरको अभियोग लागेको भन्ने नदेखिएको र बालबालिकाको हकमा पटके कायम गरी सजाय गर्न मिल्ने अवस्थासमेत नदेखिएको र कसुरको प्रकृतिबाट निजलाई अभियोग दाबी ठहर हुँदाको अवस्थामा निजलाई हुन सक्ने सजायको दृष्टिले हेर्दा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (२) को खण्ड (ख) को अवस्था विद्यमान नदेखिँदा निजलाई बाल सुधार गृहमा राख्नु मनासिब हुने देखिएन। अर्का परिवर्तित नाम ०७८/०७९-४५(I) को हकमा हेर्दा निजको उमेर १६ वर्ष पूरा भइसकेको, निजउपर विभिन्न ६ वटा मुद्दामा अभियोग दाबी लिएको देखिएबाट उक्त दाबी ठहर भएमा हुन सक्ने सजायसमेतलाई दृष्टिगत गरी निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ को २(ख) बमोजिम बाल सुधार गृहमा राख्ने गरी वागलुङ जिल्ला अदालतबाट भएको आदेशलाई कानूनप्रतिकूल मान्न मिल्ने अवस्था देखिएन।

परिवर्तित नाम ०७८/०७९-४५(J) लाई मुद्दामा पुर्पक्षको लागी बाल सुधार गृहका राखिएको सुरू बागलुङ जिल्ला अदालतको आदेश / तथा फैसला मनासिब र कानूनअनुकूलसमेत नदेखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(३) बमोजिम अदालतबाट खोजी भएका बखत उपस्थित गराउने गरी निजको अभिभावक वा संरक्षकको जिम्मा लगाई बाल सुधार गृहबाट छाडिदिनु भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। परिवर्तित नाम ०७८/०७९-४५(I) को हकमा निजलाई बाल सुधार गृहमा राखिएको सुरू वाग्लुङ जिल्ला अदालतको आदेश/ फैसला मनासिब देखिँदा निजको हकमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन। निजको हकमा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

## ३५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-WO-०३८८, उत्प्रेषण, प्रतिषेध, परमादेश, कान्छाकाजी कार्की वि. काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत*

नरबढीसहितको जग्गामा निवेदकको हक कायम हुने वा आयोजना कसको भन्ने सम्बन्धमा यस्तै प्रकृतिको विवाद समावेश रहेको यसै मनोहरा जग्गा एकीकरण आयोजना, टेकु, काठमाडौंसमेतले जुठे गिरीउपर यस अदालतमा दायर गरेको ०७५-NF-००३४ को निवेदनमा यस अदालतको पूर्ण इजलासबाट कानूनी अख्तियारप्राप्त निकायले नरबढी कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा प्रदान गरिसकेको जग्गाको नरबढी घटाउने तथा जग्गा कट्टा

गर्ने निर्णय गर्ने अधिकार काठमाडौं नगर विकास समितिलाई नहुने भन्नेसमेत बेहोराको निर्णय मिति २०७९।१।१५ मा भएको देखिन्छ । उक्त मुद्दासँग प्रस्तुत मुद्दाको विवादको विषयवस्तु र निरूपण हुनुपर्ने प्रश्नसमेत समान प्रकृतिको देखिँदा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित उक्त सिद्धान्तको आधारमासमेत निवेदकको नाउँदर्ताको उक्त कि.नं. २३ मा कायम भएको नरबढीसहितको पूरै क्षेत्रफल ३२०.६० वर्गमिटर जग्गामा निवेदकको हक कायम हुने देखिँदा उक्त क्षेत्रफलको समुचा प्लट निजले प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनाबाट फिर्ता पाउने नै देखियो । नरबढी भएको क्षेत्रफल कट्टा गर्न मिल्ने देखिएन ।

अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, माथिका प्रकरणहरूमा विवेचना भएअनुरूप निवेदक कान्छाकाजी कार्कीको नाममा दर्ता कायम रहेको उक्त कि.नं. २३ को क्षेत्रफल ३२०.६० वर्गमिटर जग्गाको समुचा प्लटमा नै निवेदकको हक रहने र सो प्लटमा प्रत्यर्थी आयोजनाले जग्गा कटौती गर्न नमिल्ने भएकोले सो जग्गाको दक्षिण र पूर्वतर्फ बाट केही जग्गा अन्य प्लटमा मिसाई र सेटब्याकको लागि राखिएको ५ फिट जग्गासमेत उत्तरतर्फको बाटोमा मिसाई नक्सासमेत निर्माण गरी प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनासमेतले निवेदकको कानूनबमोजिम कायम भएको नरबढी जग्गालाई अनधिकृतरूपमा अन्य प्लट र बाटोमा मिसाउने गरी गरेको निर्णय र सोबमोजिम तयार गरेको नक्सालगायतका सम्पूर्ण कामकारबाहीहरूबाट निवेदकको संविधान तथा कानूनप्रदत साम्पत्तिक हक उपभोगमा गैरकानूनी तवरले अतिक्रमण हुन गएको देखियो । यस्तो अवस्थामा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी प्रत्यर्थीहरूको उक्त अनधिकृत एवं गैरकानूनी निर्णय एवं कार्यहरू बदर गरी निवेदकको साम्पत्तिक हक अधिकार न्यायोचित तवरले संरक्षणका लागि प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी गर्नुपर्ने देखियो ।

तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट रिट निवेदक कान्छाकाजी कार्कीको नाममा दर्ता रहेको काडमाडौं जिल्ला, साबिक सिनामंगल गा.वि.स. वडा नं. १ख, कि.नं. ७ को क्षेत्रफल रोपनी ०-७-२-० जग्गा नै पछिल्लो पटकको नयाँ नापीमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ (हाल ३२), नक्सा सिट नं. १०२-११४८-२४, कि.नं. २३ को क्षेत्रफल ३२०.६० वर्गमिटर कायम भई नापनक्सा भएको देखिएकोले नयाँ नापीबाट नरबढी भएजति जग्गा अन्य प्लट र बाटोमा मिसाउने गरी भएको प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनासमेतको निर्णय, नक्सालगायतका कामकारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै, निवेदकले प्रत्यर्थी मनोहरा जग्गा एकीकरण आयोजनालाई उक्त क्षेत्रको जग्गा विकास गरेको सन्दर्भमा ढलबापत गर्नुपर्ने योगदानबाहेक अन्य कुनै किसिमको योगदान नलिई निवेदकको नामदर्ताको उक्त कि.नं. २३ को क्षेत्रफल ३२०.६० वर्गमिटर जग्गा नघटने गरी पूर्ववत् रूपमा पूरै जग्गा निवेदकलाई फिर्ता दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : डल्लुराम चौधरी र प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन २२ गते रोज १ शुभम् ।

**३६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-WH-०२७४, बन्दीप्रत्यक्षीकरण, इन्द्रप्रसाद सम्बाहाम्फे वि. पाँचथर जिल्ला अदालत, फिदिमसमेत*

पाँचथर जिल्ला अदालतबाट ०७६-C१-००८० को मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जारी गरिएको र तामेल गरिएको सुरू म्याद, सो आधारमा मिति २०७७/३/१ मा भएको पाँचथर जिल्ला अदालतको फैसला तथा सो फैसला सदर गरेको मिति २०७८/५/२ को उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलासमेत निज इन्द्रप्रसाद सम्बाहाम्फेको हकमासम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब, निज निवेदक इन्द्रप्रसाद सम्बाहाम्फेलाई तत्काल सम्बन्धित कारागारबाट सुरू पाँचथर जिल्ला अदालतमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत अरू जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी निजका हकमा पुनः कानूनबमोजिम फैसला गर्नु भनी पाँचथर जिल्ला अदालतसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत - विनोदप्रसाद घिमिरे / हरिप्रसाद आचार्य

कम्प्युटर: कृष्ण गिरी

इति संवत् २०७९ साल मंसिर २९ गते रोज ५ शुभम् ।

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WH-००२०, बन्दीप्रत्यक्षीकरण, सिता केरूङ सम्बाहाम्फेसमेत वि. पाँचथर जिल्ला अदालत, फिदिमसमेत*

निवेदकहरू सिता केरूङ सम्बाहाम्फे र हंशराज केरूङसमेतउपर मानव बेचबिखन तथा ओसारपसार मुद्दा पाँचथर जिल्ला अदालतमा चलेको पाइयो । उक्त मुद्दामा निवेदक/प्रतिवादीहरूले अदालतमा बयान गर्दा निजहरूको स्थायी वतन झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ६ हो भनी उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू पाँचथर जिल्ला अदालतबाट मिति २०७०/१/३० मा फैसला हुँदाको अवस्थासम्म पनि निवेदकहरू न्यायिक प्रक्रियामा सामेल रहेको देखिन्छ । सुरू तहबाट फैसला भएपछि वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेको र प्रत्यर्थी झिकाउने आदेश भएपश्चात् निजहरूले नै अदालतसमक्ष उल्लेख गरेको झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ६ को वतनमा म्याद जारी गरी तामेल गरिएको देखियो । तत्पश्चात अदालतबाट कानूनबमोजिम फैसला गरिएको र निवेदकहरूलाई कसुरदार ठहर गरी सजाय भएको पाइयो । उच्च अदालतबाट प्रत्यर्थी झिकाउने म्याद जारी हुँदासमेत निज निवेदक/प्रतिवादीले सुरूमा बयान गरी खुलाएको वतनमा नै जारी गरिएको देखिन्छ । म्याद घरदैलामा टाँस भएपछि प्रतिवादीमध्येकी सिता केरूङ अदालतमा हाजिर हुन आएको भन्ने कुरा पनि प्रत्यर्थी उच्च अदालतले पेस गरेको लिखित जवाफ बेहोराबाट देखिएको छ । यसपछि उच्च अदालतबाट भएको फैसलापश्चात् जारी भएको पुनरावेदनको म्यादमासमेत झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ६ को वतन उल्लेख गरी तामेल भएको देखिन्छ । यस अवस्थामा वतन फरक परेको, पाँचथर जिल्ला तुम्बेवा गाउँपालिका वडा नं.१ मा बस्ने गरेको भन्ने रिट निवेदकहरूको जिकिर तथ्यसङ्गत र मनासिब देखिएन । तह तह अदालतको न्यायिक प्रक्रियामा

सामेल रही प्रतिवाद गरेको अवस्थामा अहिले आएर नितान्त प्राविधिक र आधारहीन तर्क अगाडि सारेर अदालतबाट कानूनबमोजिम भएको काम कारबाही र फैसलालाई बदर बातिल गर्नु मनासिब देखिँदैन । रिट निवेदकलाई कानूनबमोजिम प्रतिवादको उचित र पर्याप्त अवसर प्रदान गरिएको नै देखियो ।

अत: रिट निवेदकहरूका नाममा अदालतबाट जारी भएको म्याद रीतपूर्वकको देखिएको, निवेदकहरू विभिन्न चरणको न्यायिक प्रक्रियामा सामेल रहेको, निजहरूलाई सजाय गरी भएको उच्च अदालत विराटनगर इलाम इजलासको फैसला सदर भई यस अदालतबाटसमेत मिति २०७४/३/२८ मा फैसला भएको, र निवेदकहरूको सुनुवाइको हकमा असर परेको नदेखिएको हुँदा तह तह हुँदै अन्तिम भई बसेको फैसला र सो फैसला अनुसार निजहरूको नाउँमा जारी भएको कैदी पुर्जीलगायतको काम कारबाहीबाट निवेदकको कुनै हक अधिकारमा असर परेकोसमेत नदेखिएको हुँदा अदालतको फैसला अनुसार कैदमा रहेकोलाई गैरकानूनी रूपमा बन्दी बनाएको भनी मान्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - विनोदप्रसाद घिमिरे/हरि प्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मंसिर २९ गते रोज ५ शुभम् ।

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-०३६४, लेनदेन, यशोदा खड्का रायमाझी वि. गोविन्द गौतम*

प्रतिवादीले स्पष्टरूपमा किर्तेमा दाबी लिन नसकेको भए तापनि तत्कालीन पुनरावेदन अदालतको मिति २०७०।४।२९ को आदेशानुसार प्रतिवादीको पतिको हस्ताक्षर भएको मिति २०५४।३।५ को लिखतसँग विवादित लिखतमा लागेको प्रतिवादीका पतिको हस्ताक्षर भिडाउँदा लामो समयको अन्तरालमा भएको लेखाइको बनोट परस्पर फरक पर्ने भई हस्ताक्षर नभिडेको भन्ने राय प्राप्त भएकोमा यस अदालतबाट पुनः मिति २०७४।१०।२८ मा प्रतिवादीका पतिको अन्य लिखतमा लागेको ल्याप्चेसँग दाबीको तमसुकमा लागेको ल्याप्चे मिल्छ, मिल्दैन भनी जाँच गर्न पठाएकोमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०७६।९।१ को पत्रसहित प्राप्त विशेषज्ञको रायमा नमुना ल्याप्चेसँग प्रतिवादीका पति पदमबहादुर राय क्षेत्रीको तमसुकमा लागेको ल्याप्चे सहीछाप मिलेको भिडेको भन्ने राय प्राप्त भएको देखिन्छ । लिखतको स्वरूप, प्रकृति तथा विशेषज्ञको रायसमेतका आधार, प्रमाणबाट वादी दाबीको लिखतमा लागेको ल्याप्चे सहीछाप प्रतिवादीका पतिको होइन रहेछ भनी भन्न मिल्ने देखिएन । सो लिखतको बेहोराबाट प्रतिवादीका पतिले वादीसँग कर्जा सापटी लिएको देखिएकोमा उक्त तिरे बुझाएको भन्ने प्रतिवादीको जिकिर रहेको वा त्यसरी तिरे बुझाएको भर्पाई निस्सा केही दाखिल गर्न नसकेको अवस्थामा पतिले लिएको कर्जाको कानूनबमोजिम साँवा ब्याज चुक्ता गर्ने दायित्व यी प्रतिवादीको हुन आउँछ । प्रतिवादीले आफ्नो पुनरावेदनमा लेनदेन कारोबार नभई कागज गरेको भन्ने जिकिर लिएको भए तापनि लिखत सद्दे साँचो देखिएको अवस्थामा लेनदेन व्यवहार नगरी लिखत गरिएको रहेछ भनी अदालतले अनुमान गर्न मिल्दैन । लिखतका अन्तरसाक्षीको सहीछाप नगराएको हदसम्म वादीलाई पुनरावेदन अदालतले मुलुकी ऐन, कागजजाँचको महलको १४ नं.अनुसार सजाय गरेको अवस्थासमेत हुँदा वादी दाबीबमोजिम

वादीले मिति २०६२।५।२१को लिखतबमोजिमको साँवा ब्याज प्रतिवादीबाट भराइपाउने ठहर्‍याएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

तसर्थ, माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा वादीले मिति २०६२।५।२१ को लिखतबमोजिमको साँवा ब्याज प्रतिवादीबाट भराइलिन पाउने ठहर्‍याएको सुरू मोरङ्ग जिल्ला अदालतको मिति २०६९।२।२ फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।६।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल फागुन ३० गते रोज ३ शुभम्।

- यसै लगाउको *०७२-CI-०३६५, लेनदेन, यशोदा खड्का रायमाझी वि. गोविन्द गौतम* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

**३९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CI-०३७६, लिखत बदर, गोविन्द काँदु वि. बकौली काँदुसमेत*

पुनरावेदक वादीले नाबालकको सम्पत्तिको संरक्षण र हितसम्बन्धी प्रश्न पनि उठाएको देखियो। नाबालकको हित प्रतिकूल कसैले पनि कार्य गर्नु हुँदैन। बालबालिकाको सर्वोत्तम हितको संरक्षण हुनु नै पर्दछ। तर यसको तात्पर्य परिवार र स्वयम् नाबालकको हितका लागि पनि नाबालकको हक जोडिएको सम्पत्तिको हक कसैले पनि र कहिले पनि हस्तान्तरण गर्नु हुँदैन भन्ने कानूनी बाध्यता रहेको देखिँदैन। पारिवारिक आवश्यकता अनुसार व्यवहारहरू हुन सक्तछन्। नाबालकको दैनिक भरण-पोषण, शिक्षा, स्वास्थोपचारका लागि नाबालकको हक रहेको सम्पत्ति पनि हस्तान्तरण गर्नुपर्ने अवस्था रहन्छ। यही आवश्यकताको परिणामस्वरूप नाबालक वादीको वैधानिक संरक्षिका आमा नाताकी बकौली काँदुले लिखत पारित गरी हक हस्तान्तरण गरेको देखिएको छ। लिखत पारित गर्दा कुनै दूषित अभिप्राय थियो भन्ने देखिँदैन। यस प्रकारको लिखतलाई बदर गर्नु न्यायोचित हुँदैन।

अत: विवादित र.नं. ३३१४(क) मिति २०६५/१/१० को लिखत बदर हुनेसम्मको कुनै मनासिब कारण र कानूनी आधार नदेखिएको हुँदा उक्त लिखत बदर गरी दर्तासमेत गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू जिल्ला अदालत र उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासको मिति २०७४/२/२२ को फैसला मनासिब देखिएकाले सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल जेठ ९ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०३७९, लिखत बदर, गोविन्द काँदु वि. बकौली काँदुसमेत
- ०७४-CI-०३७८, लिखत बदर, गोविन्द काँदु वि. बकौली काँदुसमेत
- ०७४-CI-०३७७, लिखत बदर, गोविन्द काँदु वि. बकौली काँदुसमेत

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WO-०३६३,*

*उत्प्रेषण, केमोनिक्स नेपाल प्रा.लि. वि. दुर्गाप्रसाद खतिवडासमेत*

सम्झौताका सर्तहरूको पालना गरेसम्म रोजगारीको सुरक्षा हुनुपर्दछ । विदेशस्थित रोजगारदाताले नेपालको कानूनबमोजिम स्थापित कम्पनीमार्फत सेवा प्रवाहका लागि सम्झौता गर्दा नेपालको कानूनको प्रावधान उल्लेख गरी सम्झौता गरी कार्यसम्पादन गरेको अवस्थामा सम्झौता रद्द गर्दासमेत नेपालको श्रमसम्बन्धी कानूनको पालना गर्नु आवश्यक हुन्छ । तर रिट निवेदक संस्थाले सोबमोजिम सम्झौता अन्त गरी सेवाबाट हटाएको भन्ने देखिएन।

अत: केमोनिक्स नेपाल प्रा.लि.ले प्रत्यर्थी दुर्गाप्रसाद खतिवडासँग गरेको रोजगार सम्झौता कानूनबमोजिमको प्रक्रिया पूरा गरी अन्त गरेको नदेखिएको हुँदा निजलाई सेवाबाट हटाउने निर्णय/पत्राचार त्रुटिपूर्ण देखियो । यस अवस्थामा प्रत्यर्थी दुर्गाप्रसाद खतिवडाले सेवाबाट हटाएको मितिदेखि परियोजना सञ्चालित मिति ३१ मार्च २०२२ सम्मको पारिश्रमिक सुविधा पाउने ठहऱ्याई श्रम अदालत, काठमाडौंबाट मिति २०७९/२/२६ भएको फैसला कानूनत: त्रुटिपूर्ण नभएको र सो निर्णयको परिणामस्वरूप रिट निवेदक संस्थाको कुनै कानूनी हक अधिकारमा असर परेको नदेखिएको हुँदा निवेदकको मागबमोजिम रिट जारी गर्नु परेन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

इति संवत् २०८० साल जेठ ९ गते रोज ३ शुभम्।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CI-१२०३, लेनदेन, दिपककुमार पौडेल वि. काशीराम भुसाल*

वादीले आफ्नो दाबीको पुष्ट्याइँको लागि मिति २०६८/२/२२ को सक्कल लिखत प्रमाणमा पेस गरेको देखियो। उक्त लिखत प्रतिवादीलाई देखाई सुनाई कागज गराउँदा लिखतमा परेको सहीछाप आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरेको देखिन्छ। रकम लिएको होइन, वादीसँग पहिला पनि रकम कलम सम्बन्धमा कारोबार हुने गरेकोले सोही क्रममा झुक्याई सहीछाप गराएको हुन सक्छ भनी प्रतिवादीले लिएको जिकिर तथ्ययुक्त रूपमा प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन । मिति २०६८/२/२२ को लिखत कानूनी रीतपूर्वक भएको देखियो । लिखतको प्रकृति तथा मुद्दामा प्रस्तुत हुन आएका तथ्यहरूबाट उक्त तमसुक लिखत झुक्याई गराएको भनी मान्न सकिने अवस्था देखिँदैन । तसर्थ, प्रमाणमा पेस भएको लिखतलाई सद्दे साँचो बेहोराबाट तयार भएको तमसुक लिखत हो भनी मान्नुपर्ने देखियो। लिखतबमोजिमको सावाँ ब्याज रकम प्रतिवादीले बादीलाई बुझाएको भन्ने जिकिर रहेको देखिँदैन। तसर्थ, उक्त लिखतबमोजिमको सावाँ ब्याज वादीले प्रतिवादीबाट भराइलिन पाउने नै देखियो।

अतः मिति २०६८/२/२२ को लिखतबमोजिमको कानूनबमोजिम हुने सावाँ ब्याज रकम वादी काशीराम भुसालले प्रतिवादी दिपककुमार पौडेलबाट भराइलिन पाउने ठहर गरेको सुरू जिल्ला अदालत र उच्च अदालत पाटनको मिति २०७४/६/२४ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम्।

### ४२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-१७७१, ०७४-CR-०२०१, ०७४-CR-०८१२, कर्तव्य ज्यान, रामदेवी तुलाचन शेरचन वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्द तुलाचन, नेपाल सरकार वि. गोविन्द तुलाचन*

हत्याको कसुर प्रमाणित हुनका लागि आपराधिक कार्य भएको (Actus reus) र सो कार्य गर्ने प्रतिवादीको मनसाय (Mensrea) रहेको तथ्य प्रमाणित हुनुपर्दछ । विवादित घटनाको सन्दर्भमा हेर्दा हत्याको कार्य (Actus reus) नै प्रमाणित हुन आएको देखिँदैन । हत्या हो वा आत्महत्या हो भन्ने पक्ष नै संदेहयुक्त र विचारणीय रहेको देखिन्छ । मनसाय (Mensrea) सम्बन्धमा हेर्दा पनि सुरेश बि.क.लाई मार्नेसम्मको कुनै प्रकारको दोषि मनोभावना प्रतिवादी रामदेवीसमेतले राखेको तथ्य समग्र मिसिल प्रमाण हेर्दा कहीँ कतैबाट खुल्नसम्म पनि आएको पाइएन । प्रतिवादीको बयानलगायत का समग्र प्रमाणबाट सुरेश बि.क.को मृत्यु आत्महत्याको रोहरीतबाट झुण्डिएको परिणामस्वरूप भएको देखिन्छ । मृतक सुरेश बि.क. प्रतिवादी रामदेवीको कोठामा गई निजसँग यौनसम्पर्क गरेपछि रामदेवीले निज मृतकलाई “किन मलाई यस्तो अनैतिक कार्य गरेको, तँलाई पुलिसमा उजुरी दिन्छु भनेपछि निज कोठाबाट निस्केर गएको भन्ने देखिएको छ । उल्लिखित “अनैतिक कार्य” गरेको र प्रहरीमा उजुरी दिने कुरा भएको सन्दर्भमा सम्भवत: आत्मग्लानी भई भावनात्मक रूपमा आवेशमा आई निज सुरेश बि.क.ले आत्महत्या गरेको कुरा नै स्वाभाविक र तर्कपूर्ण निष्कर्ष हुन जान्छ । मृतकको उमेर करिब २८ वर्षको रहेको देखिएको छ । यस प्रकारको जवान मानिसलाई एक्ली महिला प्र. रामदेवीले झुण्ड्याएर मार्न सक्ने अवस्था देखिँदैन । सुरेश बि.क. रामदेवीको घरमा गएको र निजको लास रामदेवीको घरनजिकै रहेकोसम्मको कारणबाट निज प्रतिवादी रामदेवीलाई कसुरदार ठहर गर्नु मनासिब हुँदैन । बरू नौ जना अपराधी छुटुन्, तर एउटा पनि निर्दोषले सजाय पाउनु हुँदैन” भन्ने न्यायिक मान्यतालाई हाम्रो फौजदारी न्याय प्रणालीमा पनि आत्मसात् गरिएको छ । कुनै पनि निर्दोषले सजाय पाउनुलाई फौजदारी न्याय प्रणालीको असफलताको रूपमा लिन सकिन्छ । अदालतले सम्भावना, शंका, अनुमानजस्ता अमुर्त कुराहरूलाई अगाडि सारेर कसैलाई दोषि ठहर गर्नु हुँदैन । कसुरदारलाई सजाय दिनु अदालतको जिम्मेवारी हो भने निर्दोषको संरक्षण गर्नु पनि अदालतको अर्को महत्त्वपूर्ण र गुरूत्तर कर्तव्य हो । प्रमाण ऐन, २०३१ को दफा २५बमोजिम फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी (अभियोजन) पक्षमा नै रहन्छ । कसैलाई पनि शंकाको भरमा दोषी ठहर गर्नु हुँदैन; शंकाको सुविधा अभियुक्तले पाउँछ । फौजदारी न्यायको उल्लिखित मान्यताका सन्दर्भमा हेर्दा प्रस्तुत मुद्दामा शंकै-शंकाको आधारमा प्रतिवादीहरूउपर अभियोग दाबी लिइएको र सुरू जिल्ला अदालत तथा उच्च अदालतबाटसमेत शंका र अनुमानका आधारमा प्रतिवादी रामदेवी तुलाचन शेरचनलाई दोषी ठहर गरिएको देखियो ।

अत: प्रतिवादी रामदेवी तुलाचन शेरचनलाई ज्यान मारेको कसुरमा जन्म कैद हुने भनी ठहर गरेको सुरू मुस्ताङ्ग जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७३/१२/२ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला उल्टी भई निज रामदेवी तुलाचन शेरचनले

आरोपित कसुरको अभियोगदाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादी गोविन्द तुलाचनले सफाइ पाउने ठहर गरेको हदसम्म उच्च अदालतको फैसला मनासिब भएकाले सदर हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल कात्तिक २२ गते रोज ३ शुभम्।

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CR-१२७४, ०७४-CR-१३०५, ०७५-CR-१०५०, ०७५-CR-०१११, कर्तव्य ज्यान, प्रविण चौधरीसमेत वि. नेपाल सरकार, रेशमलाल महतो वि. नेपाल सरकार, सुमन खड्का वि. नेपाल सरकार, नेपाल सरकार वि. सुमन खड्का*

प्रतिवादीहरू रेशमलाल महतो, प्रविण चौधरी र सुमन चौधरीलाई जनही जन्मकैदको सजाय हुने ठहर गरी मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम नौ वर्ष मात्र सजाय गर्ने गरी उच्च अदालतबाट राय व्यक्त गरेको देखियो । मुलुकी ऐन, अ.वं. १८८ नं.बमोजिम "ऐनले सर्वश्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्न हुन्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । विवादित वारदातका सन्दर्भमा प्रतिवादीमध्येका प्रविण चौधरीसमेत घाइते भएको भन्ने देखिएको छ । मृतकलाई निज प्रतिवादीहरूले मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको र ज्यान मार्ने तयारी वा योजना बनाई कुटपिट गरेको भन्ने देखिएको छैन । प्रतिवादीहरू कृष्ण के.सी.को पसलमा गएको र खाजा, नास्तालगायत मादक पदार्थ सेवन गर्दाको अवस्थामा धोजबहादुरले पसल बन्द गर्न भनेको कारणबाट विवाद उत्पन्न भई वारदात घटित हुन पुगेको देखिन्छ । कुनै जोखिमी हतियार प्रयोग गरी ज्यान मारेको भन्ने पनि देखिदैन । धोजबहादुरले प्रहरीलाई खबर गर्न खोजेको कारणबाट उत्तेजनामा आई प्रतिवादीहरूले कुटपिट गर्दा परिणामत: ज्यान मर्न गएको देखियो । यस अवस्थाका प्रतिबादीहरूलाई ऐनबमोजिम हुने ठहर भएको कैद सजाय गर्दा चर्को पर्ने अवस्था भएकाले अ.बं. १८८ नं.बमोजिम जनही ९ (नौ) वर्ष कैद गर्ने भनी उच्च अदालतबाट व्यक्त भइआएको राय मनासिब नै देखियो ।

प्रतिवादी सुमन खड्काको सम्बन्धमा विचार गर्दा निजको वारदातमा प्रत्यक्ष संलग्नता रहेको देखिने प्रमाण प्रस्तुत हुन आएको पाइएन । वारदातको अवस्थामा निजसमेत सो स्थानमा उपस्थित रहेको भए पनि निजले धोजबहादुरलाई कुटपिट गरेको तथ्य खुल्न आएको देखिएन । पहिलेदेखिको योजना वा तयारी अनुसार वारदात भएको नभएर मादक पदार्थ सेवन गरेर बसेको अवस्थामा पसल बन्द गर्नु भनेको कारणबाट विवाद पैदा भई कुटपिट हुँदा मानिस मर्न गएको देखिँदा सुमन खड्का कुनै मत-सल्लाहमा पसेका थिए भनी मान्न पनि मिलेन । निज प्रतिवादी पसलमा रहँदाको अवस्थामा पसलबाहिर हल्ला-खल्ला भएको थाहा पाएपछि पसलबाहिर आएकोसम्म देखिन्छ । घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी साक्षी कृष्ण के.सी.ले बकपत्र गर्दा प्रतिवादी सुमन खड्का अलिकती टाढा थिए, निजले कुटपिट गरेको देखिन भनी बेहोरा लेखाएको देखिन्छ । वारदातको क्रममा

स्वयम् पनि पीडित हुन पुगेका यी प्रत्यक्षदर्शी साक्षीको भनाइमा विश्वास गर्नु नपर्ने कुनै मनासिब कारण खुल्न आएको पाइएन । प्रतिवादी सुमन खड्काउपरको अभियोग दाबी वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । केवल शंकाजनित प्रमाणको आधारमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको मान्यता सिद्धान्तप्रतिकूल हुने देखिन्छ । तसर्थ निज प्रतिवादी सुमन खड्कालाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम तीन वर्ष कैद हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिन आयो।

अत: प्रतिवादीहरू प्रविण चौधरी, सुमन चौधरी तथा रेशमलाल महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जनही जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम जनही ९ (नौ) वर्ष कैद गर्ने राय व्यक्त गरेको उच्च अदालत तुलसीपुरको मिति २०७४/९/११ को फैसला सो हदसम्म मनासिब देखिएकाले सदर हुने ठहर्छ । प्रतिवादीमध्येका सुमन खड्कालाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम कसुरदार ठहर गरेको हदसम्म भने उच्च अदालतको उल्लिखित फैसला केही उल्टी भई निज सुमन खड्काले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : शैलेन्द्र खड्का

इति संवत् २०७९ साल चैत ६ गते रोज २ शुभम्।

४४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-CR-००७६, ०७८-CR-०६५०, कर्तव्य ज्यान, हरिश थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिश थापा*

मृतकलाई मार्नुपर्ने सम्मको प्रतिवादीको पूर्वरिसइवी रहेको नदेखिएको, मृतकलाई मार्ने कुनै नियोजित योजना बनाई मारेको भन्ने पनि नदेखिएको, केवल मृतक र प्रतिवादीबिच वादविवाद हुँदा तत्काल सिर्जित उत्तेजना वा रिसको आवेशमा आई वारदातस्थलमै रहेको ढुङ्गाले प्रहार गर्दा मृतकको पेटमा लागी सोही चोट पीरबाट मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ को उपदफा (१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपियाँ) जरिवाना हुने तथा मृतकको हकवालाले प्रतिवादी हरिश थापाबाट रू.१,००,०००।-(एक लाख रूपियाँ) क्षतिपूर्ति भराइपाउने ठहऱ्याई सुरू अछाम जिल्ला अदालतबाट मिति २०७६।११।०५ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७७।११।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य/श्रेया पौडेल

इति संवत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम्।

## इजलास नं. १०

४५

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CI-१२७४, मिलापत्रबमोजिमको पालनपोषणसमेतको खर्च दिलाइपाऊँ, सुमित्रा श्रेष्ठ वि. केशवबहादुर श्रेष्ठ*

वादीले कक्षा ११ र १२ अध्ययन गर्दा लागेको खर्चसमेत भराइपाउँ भनी लिएको जिकिरतर्फ विचार गर्दा मिलापत्रको सर्तबमोजिम प्रतिवादीले वादीको पालनपोषण र शिक्षा दीक्षाको जिम्मेवारी

बहन गर्न नसकेको अवस्थामा वादीको पालनपोषण तथा शिक्षा दीक्षासमेत को मानाचामल रकम मिलापत्र भएको मिति २०७०।४।१६ देखि नै भराइपाउने ठहरेको अवस्थामा कलेजको फिसमेत भराइपाउँ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब नदेखिएको हुँदा उक्त जिकिरसँग सहमत हुन सकिएन।

मिलापत्र भएको मिति २०७०।०४।१६ देखि वादी बालिग भएको मिति २०७०।९।३० सम्मको ५ महिना १५ दिनको मासिक रू.३०,०००।- का दरले जम्मा रू.१,६५,०००।- (एक लाख पैँसठीहजार रूपियाँ) वादीले प्रतिवादीबाट पालनपोषण, शिक्षा दीक्षासमेतको खर्च भराइलिन पाउने तथा फिराद दाबीमा उल्लिखित अन्य रकमसमेत भराइपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७३।०८।१९ मा भएको फैसला केही उल्टी गरी वादीले प्रतिवादीबाट मिलापत्र भएको मिति २०७०।४।१६ गतेदेखि फिराद दायर हुँदाको मिति २०७२।९।३० गतेसम्म मासिक रू.३०,०००।- (तीस हजार रूपियाँ) का दरले पालनपोषण, शिक्षा दीक्षाको खर्च भराइलिन पाउने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७४।०७।१२ को फैसला केही उल्टी भई पुनरावेदक/वादीले मिलापत्र भएको मिति २०७०।०४।१६ देखि प्रतिवादी पिताबाट अंश छुट्याई नलिएसम्म वा निज वादीको विवाह नहुन्जेलसम्मको अवधिको लागि प्रतिवादी पिताबाट प्रतिमहिना रू.३०,०००।- (तिस हजार रूपियाँ) का दरले पालनपोषण खर्च अर्थात् मानाचामल भराइपाउने।

इजलास अधिकृत - ललित सापकोटा

इति संवत् २०८० साल वैशाख १० गते रोज १ शुभम्।

## ४६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-WH-००२८, बन्दीप्रत्यक्षीकरण, संक्राम सिंह साउद वि. आन्तरिक राजस्व कार्यालय कैलाली, धनगढीसमेत*

निवेदक कानूनबमोजिमको साधिकार निकायबाट भएको काम कारबाहीको सिलसिलामा मुद्दाको पुर्पक्षकोनिमित्त थुनामा रहेको देखिन्छ । मुद्दाको पुर्पक्षको निमित्त थुनामा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। अतः निवेदकलाई थुनछेक प्रयोजनका लागि नगद वा जेथा वा बैंक ग्यारेन्टी दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु नबुझाउन नसके कानूनबमोजिमको सीदा पाउने गरी थुनामा पठाउनु भनी भएको आदेशबमोजिम धरौट बुझाउन नसकी थुनामा रहेको अवस्थामा निज गैरकानूनी थुनामा रहेको भन्न मिल्ने देखिएन । निज गैरकानूनी थुनामा रहेको नदेखिँदा निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन।

अन्तःशुल्क ऐन, २०५८ को दफा १८ को उपदफा २ बमोजिम अन्तःशुल्क अधिकृतले यस ऐनबमोजिमका मुद्दाको काम कारबाही संक्षिप्त कार्यविधि ऐनअन्तर्गत अपनाउनुपर्ने भन्ने कानूनी व्यवस्थाको रोहमा निर्णय गर्नुपर्ने अवधि नाघिसकेको देखिन्छ । प्रत्यर्थीमध्येको आन्तरिक राजस्व कार्यलयबाट लिखित जवाफ पेस गर्दासमेत उक्त कार्यालयको थुनछेक आदेश विरूद्ध वेरितको आदेश बदर गरिपाउँ भनी राजस्व न्यायाधिकरण नेपालगन्जमा निवेदन दिएकोमा यस कार्यालयमा हालसम्म फिर्ता प्राप्त नभई मुद्दा विचाराधीन रहेको

भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । राजस्व न्यायाधिकरण नेपालगन्जबाट मिति २०७८।०६।१७ गते नै ७३ नं. को निवेदनमा आदेश भयसकेको भन्ने लिखित जवाफबाट देखिएको अवस्थामा हालसम्म पनि फैसला नभएबाट ऐनअनुरूप कार्य भएको देखिएन । अतः विपक्षीहरूमध्ये आन्तरिक राजस्व कार्यालय, धनगढी, कैलालीका नाउँमा अन्तःशुल्क ऐन, २०५८ को दफा १८ को उपदफा २ बमोजिम संक्षिप्त कार्यविधि ऐनअन्तर्गतको कार्यविधि अपनाई मुद्दाको किनारा यथाशीघ्र गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत - अनु याकामी / देवेन्द्र पौडेल

कम्प्युटर - अमिररत्न महर्जन

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

४७

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-०५४३, ०७३-CR-०५४४, जालसाजी, किशोरी कुर्मी वि. मदनमोहन चौधरीसमेत*

वादीले आफूले भोग चलन गर्दैआएको हुँदा आफ्नो निजी हुनुपर्ने जिकिर लिई अंश मुद्दाको तायदाती फाँटवारीमा देखाएका कारणबाट मात्र कसैको निजी हक भोग चलनमा नरहेको यस्तो प्रकृतिको जग्गालाई व्यक्ति विशेषको हो भनी मान्न मिल्ने अवस्था नदेखिई कोही कसैको हकै स्थापित नभएको अवस्थाको जग्गामा वादी/प्रतिवादीहरूको हक विस्थापित हुने वा कुनै तवरबाट कसैलाई कुनै हानि नोक्सानी हुने नहुँदा जालसाजी ठहर गरी सजाय गरिरहनुपर्ने अवस्थासमेत देखिएन ।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।१०।११ को फैसलालाई सदर ठहर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०६९।०६।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत - सुरेश के.सी.

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ ।

- ०७३-CI-०७१९, ०७३-CI-०७२० हक कायम तायदाती बदर, मदनमोहन चौधरी कुर्मी वि. कञ्चन कुर्मिनीसमेत
- ०७३-CR-०५४२, लुटपिट, किशोरी कुर्मी वि. देवेन्द्रकुमार चौधरीसमेत

४८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CR-०४७२, ०७४-CR-०६८१, ०७४-CR-०८९२, हाडनातामा जबरजस्ती करणी, चित्रबहादुर ओली वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रकाश गौतमसमेत*

प्रतिवादीहरू प्रकाश गौतम र चित्रबहादुर ओलीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. को कसुरमा सोही महलको ३(१) नं.बमोजिम जनही १० (दश) वर्ष कैद हुने ठहऱ्याएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७२।०३।०७ को फैसला केही उल्टी गरी प्रतिवादी प्रकाश गौतमलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीतको कसुरमा सोही महलको ३(१) नं. अनुसार ८ वर्ष कैद र ऐ. ३क. नं. अनुसार सामूहिक करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी १३ वर्ष कैद सजाय हुने र प्रतिवादी चित्रबहादुर ओलीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ६ वर्ष ६ महिना

कैद हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७४।०४।०३ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी प्रकाश गौतमलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीतको कसुरमा सोही महलको ३(१) नं. अनुसार १० वर्ष कैद र ऐ. ३ (क) नं. अनुसार सामूहिक करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी १५ वर्ष कैद सजाय हुने र प्रतिवादी चित्रबहादुर ओलीलाई ऐ. ऐनको १ नं. को कसुरमा ऐ.को ३(१) नं.बमोजिम कैद वर्ष १५ (पन्ध्र) सजाय हुनेमा निज १५ वर्ष का नाबालक देखिएकाले तत्काल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा अर्थात् ७ वर्ष ६ महिना कैद हुने ठहर्छ। अरूमा उच्च अदालत दिपायलको इन्साफ मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - भीमप्रसाद सुवेदी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल भाद्र १३ गते रोज २ शुभम्।

## इजलास नं. ११

### ४९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CI-१२५१, लिखत दर्ता बदर दर्ता कायम, विलट चौधरी वि. जागोदेवी चौधरीसमेत*

सुरू सुनसरी जिल्ला अदालतले वादी दाबी नपुग्ने गरी गरेको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७४।५।१४ मा भएको फैसला कानूनसङ्गत मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम दाबीको र.नं. १०८७८ख बाट पारित मिति २०७१।१२।२२ को हालैको बकसपत्रको लिखत र सो लिखतमा उल्लिखित घर जग्गामध्ये २ भागको १ भाग घर जग्गाको हदसम्म नरम गरम मिलाई लिखत र दर्ता बदर गरी यी पुनरावेदक वादीको नाममा दर्ता कायम हुने।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ १० गते रोज ३ शुभम्।

### ५०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WH-०२६८, बन्दीप्रत्यक्षीकरण, सुधिरकुमार शाह वि. नेपाल सरकार, गृह मन्त्रालय, मुकामसमेत*

निवेदन बेहोराबाटै निवेदकलाई स्वास्थ्य उपचारको लागि अस्पताल भर्ना गराएको उल्लेख भएबाट बन्दीलाई उचित व्यवहार गरिएको र लिखित जवाफसाथ पेस गरिएको भेटघाटसम्बन्धी लगबुकको बेहोराबाट आफन्त तथा परिवारजनलाई भेटघाट गर्न दिएकोसमेत देखिन्छ । मुद्दा अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले न्यायोचित व्यवहार गर्नुपर्छ भन्ने कुरामा द्विमत हुन सक्दैन। कहिले काँही हिरासतमा राखिएको थुनुवामाथि जानी नजानी अमानवीय व्यवहार वा कानूनले बर्जित गरेको कार्य हुन गएमा म्याद थपको लागि साधिकार निकायसमक्ष पेस गरेका बखत अदालतलाई जानकारी गराएमा अदालतबाट तत्कालै त्यसको सम्बोधन हुन सक्ने हुँदा त्यसतर्फसमेत थप विवेचना गरिरहनु परेन । प्रस्तुत विवादमा निवेदकका तर्फबाट र विपक्षीका तर्फबाट उपस्थित हुनुभएका विद्वान्हरूबाट आ-आफ्नो पक्षको हकमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू आ-आफ्नै हिसाबले उल्लेख गरेको देखिन्छ। ती सबै उल्लिखित सिद्धान्तहरू विविध प्रकृतिको निवेदन, विवाद, समय

सीमा र अवस्थाको वर्णनमा केन्द्रित हुँदा जानकारीमा राखी आत्मसात गरिएको छ।

रिट निवेदक सुधिरकुमार शाहउपर लगाइएको कसुरमा अनुसन्धान गर्न मिति २०८०।०३।१२ गते काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई सोही मितिमा कानूनबमोजिम पक्राउ पुर्जी दिई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले अनुसन्धानको क्रममा पक्राउ गरी हिरासतमा राखेको देखिँदा निजको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने अवस्था देखिएन। निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०८० साल साउन ५ गते रोज ६ शुभम्।

### ५१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WO-०००६ (०७९-FN-११४३), उत्प्रेषण / प्रतिषेध र परमादेश, टिकाराम घिमिरेसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मान्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरूले यसै विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट एकपटक छानबिन भई विशेष अदालतमा मुद्दा दायर भई विचाराधीन रहेको अवस्थामा निवेदकहरूलाई जसरी पनि पक्राउ गरी थुनामा राख्ने नियतले प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात गर्न खोजिएको भन्ने जिकिर लिएको देखिए तापनि कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसुरजन्य कार्य हुने कुनै कार्य गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसुर गरेको मानिने र तत् तत् कसुरका सम्बन्धमा अनुसन्धान तहकिकात हुन सक्ने कानूनी व्यवस्था रहेभएको सन्दर्भमा सोविपरीत कुनै कसुरमा अनुसन्धान र अभियोजन भइसकेको भन्ने आधारमा पुनः अर्को कसुरमा अनुसन्धान तहकिकात नै गर्न नपाउने भन्न मिल्ने अवस्था देखिएन। यी निवेदकहरू विरूद्ध एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाउन लागेको हो कि भन्नलाई पनि छुट्टै कसुरमा जाहेरी परी अनुसन्धान तहकिकात अगाडि बढेको देखिन्छ। त्यस्तो कार्यबाट Double jeopardy को अवस्था उत्पन्न हुने हो कि भन्नलाई हाल मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय भइनसकेको स्थिति हुँदा मुद्दा चलाउने निर्णय भई निवेदकहरूउपर अभियोगपत्र दायर भएमा सो विषयमासमेत सुरू अदालतले हेरी निरूपण गर्न सक्ने नै अवस्था देखियो। सोही जाहेरी दरखास्तबाट उठान भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा यी निवेदकहरूबाहेक का अन्य केही व्यक्तिहरू विरूद्ध पक्राउ पुर्जी जारी भई निजहरूलाई पक्राउ गरी अदालतबाट म्याद थपसमेत भएकोमा तोकिएको समयमा अनुसन्धान तहकिकातको कार्य सम्पन्न नभएका कारण अनुसन्धान अधिकारीले खोजेका बखत हाजिर हुने गरी छाडेकोसमेत मिसिलबाट देखिन आउँछ। कानूनले कसैलाई काखा कसैलाई पाखा गर्दैन र गर्नु पनि हुँदैन। एउटै जाहेरी दरखास्तबाट अनुसन्धान सुरू गरिएकोमा यी प्रतिवादीहरूउपर अनुसन्धान नै हुन नसक्ने र सो अनुसन्धानबाट निजहरूले उन्मुक्ति पाउनुपर्ने कुनै कानून तथा तर्कसम्मत आधार मिसिलबाट देखिँदैन। तथापि जुनसुकै फौजदारी कसुरको अनुसन्धान पनि विधिसम्मत तरिकाबाट हुनुपर्छ भन्ने तथ्यमा दुईमत हुन सक्दैन। अनुसन्धान

तहकिकातको काममा संविधान कानून र न्यायका मान्य सिद्धान्तको बर्खिलाप भएको छ भने त्यो मान्य हुन सक्दैन। कुनै पनि निकायले कानून मिचेर, छलेर वा आफूलाई प्राप्त अख्तियारको दुरूपयोग हुने गरी कुनै कार्य गर्छ वा गरेको छ भने संविधान र कानूनको रक्षक तथा अन्तिम व्याख्याताको जिम्मेवारीमा रहेको यस अदालतले संविधान प्रदत्त असाधारण अधिकारक्षेत्रको प्रयोग गरी त्यस्तो कार्यमा हस्तक्षेप गर्नुपर्ने हुन्छ तर कानूनबमोजिम अख्तियारप्राप्त निकाय वा अधिकारीले कानूनबमोजिम सम्पन्न गरेका काम कारवाईमा अधिकारक्षेत्रात्मक त्रुटि, प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन, अधिकारक्षेत्रको दुराशयपूर्ण प्रयोग, बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नभएको वा मिसिलको मुहारबाटै प्रत्यक्ष कानूनी त्रुटि (apparent error on the face of record) देखिएको अवस्थामा बाहेक यस अदालतले ती निकाय वा अधिकारीका काम कारबाही असाधारण अधिकारक्षेत्रबाट अनावश्यक हस्तक्षेप गर्नु उचित मानिँदैन । प्रस्तुत निवेदनमा यी निवेदकहरूले माथी उल्लिखित अवस्थाको विद्यमानता छ भनी देखाउन नसकेको एवम् पेस भइआएको अनुसन्धानसम्बन्धी मिसिलबाटसमेत सो अवस्था देखिन नआएकाले यी निवेदकहरूका विरूद्ध आरोपित कसुरमा अनुसन्धान तहकिकात नै नगर्नु नगराउनु र निजका विरूद्ध अभियोगपत्र दायर नगर्नु भनी आदेश जारी गर्न मिल्ने अवस्था देखिएन।

रिट निवेदक टीकाराम घिमिरेसमेत विरूद्ध केन्द्रीय अनुसन्धान व्युरोमा दर्ता भएको जाहेरी दरखास्तमा उल्लिखित कसुरमा यी निवेदकहरूका विरूद्ध अनुसन्धान तहकिकात नगर्नु नगराउनु, निजहरूलाई पक्राउ गर्ने, थुनामा राख्नेलगायतका काम कारबाही नगर्नु नगराउनु, निजहरूका विरूद्ध अभियोगपत्र दायर नगर्नु नगराउनु भनी आदेश जारी गर्नुपर्ने वा सो सम्बन्धमा भए गरेका काम कारबाही बदर गर्नुपर्नेसम्म को अवस्थाको विद्यमानता नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिव वाग्ले / नीति उप्रेती

कम्प्युटर - मिलन राणा

इति संवत् २०८० साल साउन ५ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७९-WH-०२८०, बन्दीप्रत्यक्षीकरण, कृष्णबहादुर राउत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १२

### ५२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-००६१, डाँका चोरी, नेपाल सरकार वि. विजय गुप्तासमेत*

पूरक अभियोगबाट प्रतिवादी कायम गरिएका प्रतिवादीहरू विजय गुप्ता र शसी गुप्ताको आरोपित कसुरमा संलग्नता रहे नरहेतर्फ विचार गर्दा सुरू मूल अभियोगका प्रतिवादीहरू रमेश ठाकुर, रञ्जितकुमार सिंह, सन्तोष भन्ने संजोक पाल वारदातको दिन र समयमा वारदातस्थल जाहेरवाला रमेश भुजेलको सुनचाँदीको पसलमा हतियार लिई गएका, निजहरूले सो वारदात स्थलमा पुगेर डाँका गर्ने उद्देश्यले जाहेरवालालाई आफ्नो नियन्त्रणमा लिने प्रयास गरेका र सोही बखत जाहेरवालाले हार गुहार गरेको

सुनी स्थानीय मानिसहरू जम्मा हुन थालेपछि निजहरू त्यहाँबाट भाग्दै गर्दा वारदातमा प्रयोग भएका हतियार पेस्तोलसहित पक्राउ परेको भन्ने निजहरूको मौकाको बयान तथा अदालतको बयानसमेतबाट देखिन्छ। प्रतिवादीहरू बयानमा खुलाए अनुसार डाँका वारदातको मुख्य योजनाकार यी पुरक अभियोगमा प्रतिवादी बनाइएका विजय गुप्ता रहेको भनी उल्लेख गरेको देखिन्छ । वारदातपछि लामो समयसम्म निज विजय गुप्ता फरार रहनु र पक्राउ परेपछि मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा डाँकाको योजना बनाई वारदात स्थलमा पनि उपस्थित रहेको कुरामा साबित रहेको देखिन्छ भने निज अदालतमा आरोपित कसुरमा इन्कार रहेको अवस्था देखिन्छ । अन्य सह-प्रतिवादीहरूको मौकाको बयान बेहोरालाई मिसिल संलग्न अन्य साक्षी प्रमाणहरूले पुष्टि गरेको पाइन्छ । वारदातमा प्रयोग भएको मोटर साइकल प्रतिवादी विजय गुप्ताको रहेको र सो मोटरसाइकल चढी रहेको बखत प्रतिवादी संजोक पाल पक्राउ परेको अवस्था छ । उपर्युक्त प्रमाणहरूबाट प्रतिवादी विजय गुप्तासमेतले जाहेरवालाको पसलमा डाँका गर्ने योजना बनाई योजना अनुसार डाँका गर्न गई जाहेरवालालाई नियन्त्रणमा लिन खोज्दा जाहेरवालाले हार गुहार मागेको सुनी स्थानीय मानिसहरू जम्मा भएपछि प्रतिवादीहरू डाँका गर्न छाडी भागेको देखिन्छ। यसरी भाग्ने क्रममा प्रतिवादीमध्येका रमेश ठाकुर र रञ्जित कुमार सिंह घटनास्थलबाटै पक्राउ परेका र निजहरूको साथबाट डाँकाको वारदातमा प्रयोग भएका पेस्तोलहरू बरामद भएको देखिन्छ भने डाँका भएको भनिएको धनमाल बरामद हुन सकेको देखिँदैन । डाँकाहरूले जाहेरवालालाई नियन्त्रणमा लिने क्रममा पेस्तोलबाट गोली फायर भएकोसमेत पाइन्छ। तर सो गोली कोही कसैलाई ताकी निसाना लगाई फायर गरिएको भन्ने मिसिलबाट देखिन आउँदैन । यस्तो अवस्थामा मूल अभियोग पत्र अनुसारको मुद्दामा प्रतिवादीहरूले डाँका गरेको ठहर गरिएको सुरू अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरूले डाँकाको उद्योगसम्म गरेको ठहर गरी उच्च अदालतबाट भएको फैसला उपर वादी नेपाल सरकार र प्रतिवादीहरू रमेश ठाकुर, रञ्जित कुमार सिंह र संजोक पालसमेतको पुनरावेदन नपरी निजहरूको हकमा उच्च अदालत पाटनबाट भएको फैसला अन्तिम भएर बसेको पाइने।

एउटै वारदातका प्रतिवादीहरूमध्येका विजय गुप्ता र शसी गुप्ताका हकमा मात्र दायर भएको पुरक अभियोग पत्रमा भएको उच्च अदालतको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पर्न आएको प्रस्तुत पुनरावेदनमा प्रत्यर्थी प्रतिवादीहरूलाई पूरक अभियोग पत्रबमोजिम नै डाँका र ज्यान मार्ने उद्योगमा सजाय हुनुपर्दछ भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको देखियो । मूल अभियोग पत्रमा प्रस्तुत वारदात डाँकाको उद्योगसम्म कायम भई ज्यान मार्ने उद्योगको कसुर नठहरी अन्तिम भएको अवस्थामा सो फैसलाउपर पुनरावेदन नपरेबाट वादी नेपाल सरकारले पनि स्वीकार गरेको मान्नुपर्ने हुन्छ । मूल अभियोगमा नै डाँकाको उद्योगसम्म कायम भई ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबी नपुग्ने फैसला अन्तिम भएर रहेको अवस्थामा पूरक अभियोगबाट यी प्रतिवादीहरूउपर मात्र सुरू अभियोग मागदाबीबमोजिम नै कसुर कायम गरी सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर कानूनसम्मत र फौजदारी न्यायको सिद्धान्तकोसमेत अनुकूल देखिएन। साथै मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीमध्येका शसी गुप्ताको डाँका तथा ज्यान

मार्ने उद्योगको वारदातमा कुनै किसिमको संलग्नता नदेखिएकोले निजलाई अभियोग दाबीबाट सफाइ दिने सुरूको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसलासमेत मनासिब नै देखिने।

तसर्थ, माथि विवेचित आधार, प्रमाणबाट प्रतिवादी विजय गुप्तालाई जाहेरवाला राजन भुजेलको सुनचाँदी पसलमा डाँका गरेको ठहर गरेको अभियोगमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।२।१३ को फैसला केही उल्टी गरी डाँकाको कसुर गर्ने उद्योग गरेकोमा साबिक मुलुकी ऐन, चोरीको महलको १७ नं.बमोजिम ३ वर्ष कैद हुने ठहर गर्नुको साथै ज्यान मार्ने उद्योगतर्फको वादी दाबी र प्रतिवादी शसी गुप्ताउपरको अभियोग दाबी नपुग्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।२।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - मुकुन्द निरौला

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल पुस २१ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CR-००६०, डाँका चोरी, नेपाल सरकार वि. विजय गुप्तासमेत
- ०७५-CR-००५९, डाँका चोरी, नेपाल सरकार वि. विजय गुप्तासमेत

## ५३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी**, *०६६-CI-०६७६, नापी निर्णय दर्ता बदर, ऐसा खातुन वि. मोइज अहमदसमेत*

पुनरावेदक वादीहरूले आफ्नो हकको स्रोतको रूपमा मिति २०१७।०१।२७ को पारित बन्डापत्रलाई उल्लेख गरेको देखिन्छ। उक्त बन्डापत्रमा साबिक नं. ४६८ को जग्गा उल्लेख भएको रहेछ। सो बन्डापत्र अनुसार आ-आफ्नो नामको जग्गा छुट्याई कार्यान्वयन नगरेकै अवस्थामा नैमुद्दिनले आफ्नो श्रीमती जुवैदा खातुन र छोरा मोहिउद्दिनको भागसमेत ०-०-१०$^{१}/_{२}$ जग्गा अंशियार सगोलका जुवेदा छोरा मोहनद्दिनबाहेक अरू कसैको हक नलाग्ने हामीहरूको मात्र हक लाग्ने मन्जुरीमा निजहरूलाईसमेत साक्षी राखी उक्त जग्गा धुर ०-०-१०$^{१}/_{२}$ ०२७ सालको रवि वालीदेखि आफ्नो हक दाबी छाडि सुक्री बिक्री राजीनामा गरिदिएको छु । लेखिएको जग्गा तपाइँ साहुले सम्बन्धित कार्यालयमा देखाई दाखिल दर्ता गराई खानु, लेखिएको जग्गा पछि कुनै बेहोराले कच्चा ठहरे थैली र त्यसको ऐ.बमोजिम दशौदका दरले ब्याजसमेत लगाई ऐनबमोजिम असुलउपर गरिलिनु भनी मिति २०२७।८।११ मा र नुरहुसेनले आफ्नो अंश भाग ०-०-६ जग्गा अरूलाई कुनै बेहोराको लिखत गरी नदिएको मेरो मात्र हक लाग्ने राज हुसेनसे पश्चिम तपाइँ धनीसे उत्तर हेतुली (गली गएको) र बालकृष्णसे दक्षिणतर्फको ०-०-६ जग्गा तपाइको नाममा गरिदिएको छ। यो लिखत सम्बन्धित कार्यालयमा देखाइ आफ्नो नाममा गरिलिनु" भनी मिति २०२७।८।१४ गते ताराप्रसादलाई पारित गरिदिएको र सोही दुवै लिखतबमोजिमको जग्गा तारा प्रसादले "मेरो जो परेको कामकाज गरिदिएकोले सो रिझबापतमा हामी बकस लिने दिने दुवै थरीको नेपाल राज्यभित्र हदबन्दीभन्दा बढी जग्गा नभएको हुनाले अन्य अरू कसैलाई कुनै बेहोराको लिखत गरी नदिएको मेरो हक र दर्ता तिरोको तपसिलमा लेखेको जग्गाहरू नापी हुन बाँकी रहेको नापी नभएको बिगाहा ०-०-१६$^{१}/_{२}$ जग्गाहरू आजकै मितिदेखि बकस

लेखिदिएको छ । उक्त जग्गा आफ्नो नाउँमा नामसारी दाखिल दर्ता गराई भोग चलन गरी खानु" भनी मिति २०३०।०९।२९ मा प्रतापकुमार उपाध्यायलाई बकसपत्र गरिदिएकोमा सम्म विवाद रहेको नदेखिने ।

मिति २०४६/११/२२ गते सहरी नापी हुँदा कायम कि.नं.२५ को ज.वि.०-१-१५-३ को जग्गाको जग्गावाला प्रतापकुमार उपाध्याय रहेको भन्नेसमेत मिसिल संलग्न फिल्डबुकबाट देखिन्छ । मिति २०५६/०८/९ को नाप नक्सा मुचुल्का हेर्दा कि.नं.२५ अन्तर्गतको नापीपछि कित्ताकाट गरिएको विवादको कि.नं. १३८, १३९, १४०, १४१, १४२ समेतको जग्गा प्रतापकुमार उपाध्यायको कम्पाउन्डवालभित्र रही निजले भोगचलन गरेको देखिन्छ । सुरू अदालतको मिति २०६४।०६।०३ मा अ.वं.१३३ बमोजिम भएको आदेशानुसार कागज गराउँदा वादीहरूले नैमुद्दिन मियाँका नाउँमा नम्बरी दर्ता रहेको साबिक जिल्ला बारा गहवा(क) श्रेणी हाल वी.उ.म.न.पा वडा नं ५ को हेतुली मिया से पूर्वराजा हुसेन से पश्चिम, हाफिज हविवुल रहमान से दक्षिण नगरपालिका सिमाना से उत्तर यति चार किल्लाभित्रको रै.नं. ४६८ को ०-१-८ जग्गा २०१७।१।२७ मा नैमुदिन मियाले आफ्ना दुई श्रीमती र ५ छोरा गरी आठ अंशियारमध्ये १ छोरा जलालुदिनबाहेक अन्य छोरा श्रीमतिलाई ०-०-३$^1/_2$ का दरले बन्डा छुट्याई सात भाग लगाउनु भयो । नैमुदिन मियाको १ भाग र बन्डा नभएको जग्गा नैमुदिनको हकमा रहन गयो । उल्लिखित ४ किल्लाभित्रको रै.नं. ४६८ को जग्गामध्ये उत्तर कुनाबाट नैमुदिन मियाले आफ्नो अंशको १ भाग जुवेदाको १ भाग र छोरा मोहीद्दिनको १ भाग गरी ०-०-१०$^1/_2$ जग्गा २०२७।८।११ मा ताराप्रसाद खरेललाई राजीनामा पारित गरिदिनु भयो । तारा प्रसादलाई राजीनामा गरेको उत्तर कुनाको ०-०-१०$^1/_2$ जग्गाबाहेक सोदेखि दक्षिण र पूर्वको जग्गा हाम्रो अंश हक भागमा रह्यो । ताराप्रसादले उक्त ज.वि. ०-०-१०$^1/_2$ जग्गासमेत प्रत्यर्थी प्रतापकुमार उपाध्यायलाई पारित गरिदिनु भयो । वीरगन्ज सहरी क्षेत्र नापी हुँदा बिक्री भएको जग्गाबाहेक हाम्रो अंश भोगको दक्षिण र पूर्वतर्फ को जग्गासमेत प्रत्यर्थी प्रतापकुमार उपाध्यायले आफ्नो नाममा कि. नं. २५ मा नापी गराई लिँदा हाम्रो उजुरी नापी गोश्वरामा परी नापी गोश्वराले कि.नं.२५ को पश्चिम उत्तरतर्फको ०-०-१६$^1/_2$ जग्गा प्रताप कुमार उपाध्यायको नाममा कायम गरी हाम्रो अंश हक भोगको पूर्व, दक्षिणतर्फको जग्गा कित्ता काट गरी कितान १३८, १३९,१४०,१४१ र १४२ हाम्रो नाममा कायम गरेको थियो भनी उल्लेख गरेकोमा वादीहरूले बन्डापत्रबमोजिम आ-आफ्नो नाममा दा.खा गराएको नदेखिएको र आफूले निरन्तर रूपमा सो जग्गा भोगचलन गरेको विश्वसनीय प्रमाण पेस गर्न सकेको अवस्थासमेत नदेखिएकोलगायतका आधार प्रमाणहरू सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा मान्नु नपर्ने ।

सुरू पर्सा जिल्ला अदालत मिति २०६२/०२/२३ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४/११/२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल आषाढ २४ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०६७७, नापी निर्णय दर्ता बदर,

ऐसा खातुनसमेत वि. सुसिलादेवी भट्टराई

- ०६६-CI-०६७८, खिचोला मेटाई घर खाली चलन, ऐसा खातुनसमेत वि. सुसिलादेवी भट्टराई

५४

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-RB-०३३९, बैंकिङ कसुर, भरतकुमार गणेश वि. नेपाल सरकार*

प्रभु बैंक लिमिटेडको भरतकुमार गणेशको नाममा रहेको खाता नं. १३९०१००१००५७७९००००01 को खाताबाट मिति २०७६।१२।३ गते तारादेवी राय बुढाथोकीको नाममा जारी भएको ००१७३१३८४० र ००१५५२४२९० नम्बरको चेक थान-२ मा उल्लिखित पर्याप्त मौज्दात नभएको कारण फिर्ता भएको हो भन्नेसमेत बेहोराको प्रभु बैंक लिमिटेडको मिति २०७७।५।३ गतेको पत्र र स्टेटमेन्टसमेत का कागजातहरू सुरू मिसिल संलग्न रहेको,

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाले पेस गरेको चेक मेरो प्रभु बैंक लिमिटेडमा रहेको खाताको हो। जाहेरवालासँग रकम लेनदेन भएको ठिक साँचो हो। मेरो घरायसी समस्या साथै लकडाउनको कारण मैले सोचेबमोजिम खातामा तत्काल नगद नभएकोले सो बराबरको २ थान चेक दिएको हो। मैले जाहेरवालालाई चेकमा उल्लिखित सबै रकम फिर्ता बुझाई सकेको छु। चेक फिर्ता माग गर्दा दिनु भएन भनी अदालतसमक्ष बयान गरे तापनि जाहेरवालालाई दाबीको रकम बुझाएको भन्ने कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्था एवं जाहेरवालाले बकपत्र गर्दा चेकमा उल्लिखित कुनै रकम प्राप्त गरेको छैन भनी बकपत्र गरेको देखिने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिन नहुने भन्ने कानूनी प्रावधान रहेको र सोही ऐनको दफा १५(१) मा कसैले दफा ३बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी प्रावधान रहेको देखिएको हुँदा खातामा मौज्दात रकम नभएको जानी जानी चेक काट्नु र सो को भुक्तानी हुन नसक्नु स्वयंमा कसुर ठहरिने स्थिति देखिने।

पुनरावेदक प्रतिवादीका हकमा उच्च अदालत पाटनबाट मिति २०७७।११।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल पुस ६ गते रोज ४ शुभम्।

५५

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-RB-०२०६, बैंकिङ कसुर, सरोजकुमार साह वि. नेपाल सरकार*

माछापुच्छ्रे बैंक लि.को सरोजकुमार साहको नाममा रहेको खाता नं. ३८-२२-५२४-६४४५८८-०१-७ को खाताबाट मिति २०७६।०६।०९ गते केदारप्रसाद देवकोटाको नाममा जारी भएको ००२२१८२४८२ नम्बरको चेकमा उल्लिखित पर्याप्त मौज्दात नभएको कारण फिर्ता भएको हो भन्नेसमेत बेहोराको माछापुच्छ्रे बैंक लि.को मिति २०७७।०१।२४ को पत्र र स्टेटमेन्टसमेतका कागजातहरू सुरू मिसिल संलग्न रहेन।

प्रतिवादी सरोजकुमार साहले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाले पेस गरेको चेक मेरो

माछापुच्छ्रे बैंक लि.मा रहेको खाताको हो । उक्त चेकमा भएको बेहोरा र दस्तखत मेरो हो । खातामा चेकमा उल्लिखित खाम्ने रकम छैन भन्ने थाहा थियो भन्नेसमेत बेहोरा उल्लेख गरेको र चेक दिएको तथ्यलाई उच्च अदालतसमक्ष बयान गर्दा पनि स्वीकार गरेको देखिने ।

विनिमय अधिकार पत्र ऐनले चेक लाई नगदसरहको मान्यता दिएको देखिएकोले विश्वासका लागि मात्र चेक काटेको भन्ने प्रतिवादीको भनाइलाई मान्यता दिएर कानूनबमोजिम कसुर ठहर्ने विषयलाई अन्यथा मान्न मिल्ने नदेखिएने ।

प्रतिवादीले दिएको चेक खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भनी जाहेरवालाको किटानी जाहेरी परेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिने ।

जहाँसम्म देवानी दायित्वको विषय रहेको भनी पुनरावेदनमा लिइएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा माथि उल्लेख भएबमोजिमको कानूनी व्यवस्थाले खातामा रकम नभएको जानी जानी चेक काट्नु र भुक्तानी नभएको स्थितिलाई कसुर कायम गरेको अवस्थामा के कति कारणले उक्त कानूनी व्यवस्था आकर्षित नहुनुपर्ने हो भन्ने सम्बन्धमा किटानी उल्लेख गर्न नसकेको । साथै यस विषयमा यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक निर्मला सोडारी वि. नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (०७६-NF-००११) मा अदालतसमक्ष बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरूपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भसमेतबाट जाहेरवालाले उपर्युक्त लागेको कानूनी मार्ग अपनाएको अवस्थालाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक प्रतिवादीका हकमा उच्च अदालत पाटनबाट मिति २०७७।१०।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चन्दा बेल्वासे
कम्प्युटर : समी नेपाली
इति संवत् २०७९ साल पुस ६ गते रोज ४ शुभम् ।

**५६**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-RB-०३६५, बैंकिङ कसुर, नेपाल सरकार वि. रामबहादुर थापासमेत*

मेगा बैंक लि.को श्री पूर्ण विनायक उपभोक्ता समितिको नाममा रहेको खाता नं. ०६६००१००३०३११ को खाताबाट मिति २०७६।६।२७ गते शिवहरी भुजेलको नाममा जारी भएको २०१९४०२०४२ नम्बरको चेकमा उल्लिखित पर्याप्त मौज्दात नभएको कारण फिर्ता भएको हो भन्नेसमेत बेहोराको मेगा बैंक लि.को मिति २०७६।१०।७ गतेको पत्र र स्टेटमेन्टसमेतको कागजहरू सुरू मिसिल संलग्न रहेको,

प्रतिवादीत्रयले अदालतसमक्ष बयान गर्दा श्री पूर्ण विनायक उपभोक्ता समितिको खाताबाट जाहेरवालाको नाममा चेक काटी उक्त चेक भुक्तानी हुन नसकेको अवस्था भए पनि मिति २०७६।१०।०२ मा नै जाहेरवाला शिवहरी भुजेलले प्रतिवादीहरूमार्फत उक्त उपभोक्ता समितिबाट पाउनुपर्ने रकम वडाध्यक्ष

जीवन थापाको रोहबरमा रकम बुझिसकेको र सोको भरपाईसमेत गरिदिएको भन्ने बेहोरा उल्लेख भएको र निजहरूले बयानसाथ पेस गरेको जाहेरवालाले रकम बुझिलिएको भरपाई कागजको प्रतिलिपिसमेतबाट समर्थित भएको,

जाहेरवाला शिवहरी भुजेलले भुक्तानी पाउने गरी प्रतिवादीहरूले जारी गरेको चेक खातामा पर्याप्त रकम नभएको कारण अनादर(बाउन्स) भएको अवस्था रहेको भन्ने पुनरावेदक वादी नेपाल सरकारको अभियोग दाबी भए पनि प्रतिवादी त्रय: रामबहादुर थापा, भरतबहादुर थापा र मोहन माया खत्रीले जाहेरवाला शिवहरी भुजेललाई मिति २०७६।१०।०२ मा नै रकम बुझाइसकेको देखिँदा अभियोग पत्रमा दाबी लिएजस्तो प्रतिवादीले जाहेरवालालाई तिर्न बुझाउन बाँकी नै नरहेको र सोपश्चात् मिति २०७७।३।७ मा मात्र प्रस्तुत मुद्दाको अभियोग पत्र दायर भएबाट जाहेरवालाले चेक साट्न बैंकमा गएका बखत खातामा रकम नभएकै कारण चेक फिर्ता भएको अवस्थालाई प्रतिवादीहरूले अभियोग दाबी अनुसारको कसुर गरेको भन्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ, माथि विवेचित आधार, कारणहरूबाट प्रतिवादीहरूलाई अभियोग दवीबाट सफाइ दिने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।१२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल पौष ६ गते रोज ४ शुभम् ।

## ५७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-RB-०३६१, बैंकिङ कसुर, नेपाल सरकार वि. भरतबहादुर थापासमेत*

मेगा बैंक लि.को श्री पूर्ण विनायक उपभोक्ता समितिको नाममा रहेको खाता नं. ०६६००१००३०३११ को खाताबाट मिति २०७६।९।२७ गते शिवहरी भुजेलको नाममा जारी भएको २०१९४०२०४३ नम्बरको चेक थान-१ मा उल्लिखित पर्याप्त मौज्दात नभएको कारण फिर्ता भएको हो भन्नेसमेत बेहोराको मेगा बैंक लि.को मिति २०७७।४।१५ गतेको पत्र र स्टेटमेन्टसमेतको कागजहरू सुरू मिसिल संलग्न रहेको,

प्रतिवादीद्वयले अदालतसमक्ष बयान गर्दा श्री पूर्ण विनायक उपभोक्ता समितिको खाताबाट जाहेरवालाको नाममा चेक काटी उक्त चेक भुक्तानी हुन नसकेको अवस्था भए पनि मिति २०७६।१०।२ मा नै जाहेरवाला शिवहरी भुजेलले प्रतिवादीहरूमार्फत उक्त उपभोक्ता समितिबाट पाउनुपर्ने रकम वडाध्यक्ष जीवन थापाको रोहबरमा रकम बुझिसकेको र सोको भरपाईसमेत गरिदिएको भन्ने बेहोरा उल्लेख भएको र निजहरूले बयानसाथ पेस गरेको जाहेरवालाले रकम बुझिलिएको भरपाई कागजको प्रतिलिपिसमेतबाट समर्थित भएको,

जाहेरवाला शिवहरि भुजेलले भुक्तानी पाउने गरी प्रतिवादीहरूले जारी गरेको चेक खातामा पर्याप्त रकम नभएको कारण अनादर(बाउन्स) भएको अवस्था रहेको भन्ने पुनरावेदक वादी नेपाल सरकारको अभियोग दाबी भए पनि प्रतिवादी द्वय: मोहनमाया खत्री र भरतबहादुर थापाले जाहेरवाला शिवहरी भुजेललाई मिति २०७६।१०।२ मा नै रकम बुझाइ सकेको देखिँदा अभियोग पत्रमा दाबी लिएजस्तो प्रतिवादीले जाहेरवालालाई तिर्न बुझाउन बाँकी नै नरहेको र सोपश्चात् मिति २०७७।५।१० मा मात्र प्रस्तुत मुद्दाको अभियोग पत्र दायर भएबाट

जाहेरवालाले चेक साट्न बैंकमा गएका बखत खातामा रकम नभएकै कारण चेक फिर्ता भएको अवस्थालाई प्रतिवादीहरूले अभियोग दाबी अनुसारको कसुर गरेको भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, माथि विवेचित आधार, कारणहरूबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।१२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल पौष ६ गते रोज ४ शुभम्।

**५८**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७७-RB-००६४, बैंकिङ कसुर, सुष्मा सापकोटा वि. नेपाल सरकार*

नेपाल सिद्धार्थ बैंक को सुष्मा सापकोटाको नाममा रहेको खाता नं. ०१७१५१५५१७५ को खाताबाट मिति २०७५।१२।२८ गते नवराज बस्नेतको नाममा जारी भएको ००१८७८७४६६ नम्बरको चेक थान-१ मा उल्लिखित पर्याप्त मौज्दात नभएको कारण फिर्ता भएको हो भन्नेसमेत बेहोराको सिद्धार्थ बैंकको मिति २०७६।३।२० गतेको पत्र सुरू मिसिल संलग्न रहेको।

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाले पेस गरेको चेक मेरो सिद्धार्थ बैंकमा रहेको खाताको हो । चेकमा लेखिएको बेहोरा मेरो होइन । मुना भन्ने साथीले मलाई चेक सही गरिदेउ मलाई समस्या पऱ्यो भनेको हुँदा मैले खाली चेकमा सही गरिदिएको हो । निजलाई दिएको चेक कसरी यी जाहेरवालाको हातमा पर्न गयो मलाई थाहा भएन भन्ने बेहोरा उल्लेख गरेको भए पनि सो तथ्य अन्य प्रमाणबाट प्रमाणित भएको अवस्था नरहेको तथा जबरजस्ती करकापमा परी चेक काट्नु परेको अवस्था भए सोतर्फ उजुरी गरेको हुनुपर्नेमा सोबमोजिमको उजुरी परेको पनि नदेखिने,

चेकमा आफैँले हस्ताक्षर गरेको तथ्यलाई स्वीकार गरेको अवस्था देखिँदा जाहेरवालालाई चेक नदिएको भन्ने तर्कले मात्र अभियोग दाबीबमोजिमको कसुर नठहर्ने अवस्था नरहेको,

प्रतिवादीले दिएको चेक खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भनी जाहेरवालाको किटानी जाहेरी परेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिएको ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिन नहुने" भन्ने कानूनी प्रावधान रहेको र सोही ऐनको दफा १५(१) मा "कसैले दफा ३बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी प्रावधान रहेको देखिएकोमा आफ्नो खातामा पैसा नभई कसैलाई चेक काटेर दिनु र उक्त चेक भुक्तानी नहुनु स्वयंमा बैंकिङ कसुर हुन जाने भन्ने कानूनी प्रावधान रहेको देखिने,

जहाँसम्म देवानी दायित्वको विषय रहेको भनी पुनरावेदनमा लिइएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा माथि उल्लेख भएबमोजिम को कानूनी व्यवस्थाले खातामा रकम नभएको जानी जानी चेक काट्नु र भुक्तानी नभएको स्थितिलाई कसुर कायम गरेको अवस्थामा के कति कारणले उक्त कानूनी व्यवस्था आकर्षित नहुनुपर्ने हो भन्ने सम्बन्धमा किटानी उल्लेख गर्न नसकेको । साथै यस विषयमा

यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (०७६-NF-००११) मा अदालतसमक्ष बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरूपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भसमेतबाट जाहेरवालाले उपर्युक्त लागेको कानूनी मार्ग अपनाएको अवस्थालाई अन्यथा भन्न मिल्ने नदेखिने,

पुनरावेदक प्रतिवादीका हकमा उच्च अदालत पाटनबाट मिति २०७६।१०।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल पुस ६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७७-RB-००६५, बैंकिङ कसुर, सुष्मा सापकोटा वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**५९**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७१-CR-०६०८, हातहतियार खरखजाना, नवीनकुमार मण्डल वि. नेपाल सरकार*

मिति २०६९।११।१३ मा इलाका प्रहरी कार्यालय, गौरीगन्ज, झापामा दरबन्दी भई हाल वडा प्रहरी कार्यालय, राजविराज (ख) सप्तरीमा कार्यरत नवीनकुमार मण्डलको सप्तरी जिल्ला, राजविराज न.पा., वडा नं. ९ मा रहेका डेरा खानतलासी गर्दा ९ इन्च लम्बाइ भएको फलामको कटुवा पेस्तोल थान-१, सोमा फिट हुने गोली थान-३, म्याग्नमको गोली राउन्ड -१, ऐ.ऐ.को खोका ठुलो थान-१, ३०३ को खोका थान-६, मार्काफोरको खोका थान-१, म्याग्नमको खोका सानो थान-५, ९ एमएमको खोका थान-११ समेत फेला पारेको बरामदी मुचुल्का र निज नवीनकुमार मण्डललाई यसै प्रतिवेदनसाथ दाखिला गरिएको छ भन्ने बेहोराको प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भई सो प्रतिवेदनमा उल्लेख भएका हातहतियार खरखजानाहरू यिनै प्रतिवादीको कोठाबाट बरामद भएको भन्ने बेहोराको खानतलासी/बरामदी मुचुल्का मिसिल संलग्न रहेको पाइने।

प्रतिवादी नवीनकुमार मण्डलले अनुसन्धान अधिकारी तथा सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीमासमेत बयान गर्दा, "मेरो डेरा कोठाबाट बरामदी मुचुल्कामा उल्लेख भएबमोजिमको कुनै पनि हातहतियार खरखजाना बरामद भएको होइन। सो बरामदी मुचुल्कामा भएको सहीछाप मेरो हो, बेहोरा मेरो होइन" भनी कसुरमा इन्कारी बयान गरेको देखिने।

बरामदी मुचुल्काका व्यक्तिहरू दिलिपकुमार मण्डल र श्यामु राय तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू ध्रूवनारायण मण्डल, सत्यनारायण मण्डल, विन्दु मण्डललगायतले सुरू जिल्ला प्रशासन कार्यालयमा आई बकपत्र गर्दा, "प्रतिवादीको कोठाबाट उक्त हातहतियार खरखजानाहरू बरामद भएको होइन, उक्त मुचुल्काहरू पढ्न नदिई सहीछाप गराइएको हो" भनी प्रतिवादीको बयानलाई नै समर्थन हुने बेहोरा लेखाएको देखिने।

प्रतिवादी तथा बरामदी मुचुल्काका

व्यक्तिहरूले सो मुचुल्का बेहोरालाई इन्कार गरेको भए तापनि उक्त मुचुल्का तथा प्रतिवेदन तयार गर्ने प्रतिवेदकहरूमध्ये प्र.ना.नि. राजेश सुवेदी र प्र.स.नि. हरिशंकर यादव सुरू जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई बरामदी बेहोरा र उक्त प्रहरी प्रतिवेदनलाई नै समर्थन गरी बकपत्रसमेत गरेको देखिन्छ । यसरी अनुसन्धानको सिलसिलामा तयार भएको उक्त मुचुल्का तयार गर्ने व्यक्ति नै स्वयम् उपस्थित भई सो मुचुल्काको बेहोरालाई समर्थन गरी बकपत्र गरेको अवस्था हुँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने भई, सो बरामदी मुचुल्का बेहोरालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीको साथबाट निषेधित हातहतियार तथा खरखजाना बरामद भई निज कसुरदार पुष्टि भएको अवस्थामा सुरू जिल्ला प्रशासन कार्यालयले तीन वर्ष कैद ठहर गरे तापनि पुनरावेदन अदालत, राजविराजले सो हदसम्म उक्त फैसला केही उल्टी गरी रू.६०,०००।– जरिवाना गरेतर्फ विचार गर्दा, उल्लिखित दफा २०(२) मा दफा ३(२) को कसुर गर्ने व्यक्तिलाई ३ देखि ५ वर्ष कैद वा साठी हजारदेखि एक लाखसम्म जरिवाना वा दुवै गर्न सकिने व्यवस्था रहेकै पाइन्छ । तसर्थ, प्रतिवादीको इन्कारी बयानसमेतलाई विचार गरी उल्लिखित दफा २०(२) को कानूनी व्यवस्थाबमोजिम नै प्रतिवादीले गरेको कसुरमा निजलाई तजबिजी रू.६०,०००।– जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

प्रतिवादी नवीनकुमार मण्डललाई कसुरदार ठहर गरी कट्टुवा पेस्तोल बरामद भएबापत हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम तीन वर्ष कैद तथा बरामदित कट्टुवा पेस्तोलमा फिट हुने गोलीलगायतका खरखजानाबापत ऐ.ऐनको दफा २०(३) बमोजिम रू.२०,०००।– जरिवाना ठहर गरेको सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीको फैसलालाई उक्त दफा २०(२) बमोजिम तीन वर्ष कैदको हदसम्म मात्र केही उल्टी गरी निजलाई सोही दफाबमोजिम तजविजि रू.६०,०००।– जरिवाना गरेको पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेठ ४ गते रोज ४ शुभम् ।